योगाभ्यासले सेवा प्रवाहमा प्रभावकारिता ... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३२ • २०८१ साल असार ६ गते बिहीबार (20 June, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# मालपोत कार्यालय पर्साका तीन अधिकृतलाई ८ वर्ष कैद सजाय

**अनिल तिवारी**

वीरगञ्ज । मालपोत कार्यालय पर्साका तत्कालीन तीन अधिकृतलाई जेल सजाय तोकिएको छ । विशेष अदालतले मालपोत कार्यालय पर्साका मालपोत अधिकृत हरिनारायण मिश्र, भूपबहादुर बोगटी र कमोद तिवारीलाई जनही ८ वर्ष कैद सजाय निर्धारण गरेको छ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर, सदस्य तेजनारायण सिंह राई र रामबहादुर थापाको इजलासले बुधबार सजाय निर्धारण गरेको छ।

जग्गा रजिष्ट्रेशन पास लगायत मालमोत कार्यालय पर्साबाट असुल हुने राजस्व चुहावटको अभियोगमा तत्कालीन अधिकृत हरिनारायण मिश्रलाई ८ वर्ष कैद, २ करोड ५० लाख २३ हजार ९ सय ८१ रुपैयाँ जरिवाना र १ करोड २५ लाख ११ हजार ९ सय ९० रुपैयाँ बिगो असुल गर्न विशेष अदालतको इजलासबाट आदेश गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिश्रको हस्ताक्षरबाट पारित भएका लिखतबाट संकलन भएको सो रकम भ्रष्टाचार भएकोले २ करोड ९ लाख ३१ हजार ६ सय ४७ बिगो कायम गर्दै त्यसको दोब्बर रकम जरिवाना हुनुपर्ने माग दाबी गरेको थियो।



यस्तै मालपोत कार्यालय पर्साका अर्का तत्कालीन अधिकृत भूपबहादुर बोगटीलाई पनि ८ वर्ष कैद र मिश्रजति नै बिगो तथा जरिवाना भराउने फैसला भएको छ।


अधिकृत कमोद तिवारीविरुद्ध १ करोड ४१ लाख ४७ हजार १ सय ७१ भन्दा दोब्बर जरिवानासहित माग दाबी लिई भ्रष्टाचार मुद्दा दायर भएको थियो। उनलाई पनि ८ वर्ष कैद तथा बिगो र जरिवाना पनि मिश्र र बोगटीलाई जति नै तोकिएको छ।

भ्रष्टाचारमा संलग्न रहेको अभियोगमा अन्य ३ जनालाई पनि विशेष अदालतले पहिला नै दोषी ठहर गर्दै सजाय निर्धारण गरिसकेको छ। जसअनुसार तत्कालीन मालपोत अधिकृत गोपाल ढुंगानाविरुद्ध ३५ लाख ४५ हजार ९ सय ५० रुपैयाँ बिगो कायम गर्दै त्यसको दोब्बर जरिवाना माग गरिएको थियो। उनलाई ४ वर्ष कैद, ७० लाख ९१ हजार ९ सय रुपैयाँ जरिवाना र ३५ लाख ४५ हजार ९ सय ५० रुपैयाँ बिगो भराउने फैसला भएको छ।

यस्तै अर्का तत्कालीन अधिकृत पदमप्रसाद अर्यालविरुद्ध १६ लाख ८१ हजार ६ सय रुपैयाँ बिगो र त्यसको दोब्बर जरिवाना माग गरिएको थियो। विशेष अदालतले उनलाई २ वर्ष कैद, ३३ लाख ६३ हजार २ सय रुपैयाँ जरिवाना र १६ लाख ८१ हजार ६ सय रुपैयाँ बिगो भराउने फैसला गरेको छ।










# बाढीपहिरोबाट जनधनको क्षति भएकोप्रति सरकारको ध्यानाकर्षण



काठमाण्डु । प्रतिनिधिसभामा सांसदहरुले बाढीपहिरोबाट देशभर जनधनको क्षति भएकामा सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा बोल्दै सांसद भीमप्रसाद आचार्यले पछिल्लो समयमा देशका विभिन्न ठाउँमा भएको बाढीपहिरोका कारण ठूलो जनधनको क्षति भएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले विगतमा खडेरीका कारण देशभरका किसान आहत भएका उल्लेख गर्दै केही दिनदेखि बाढीपहिरोका कारण नागरिकले दुःख पाएको भन्दै पीडितलाई राहतको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद मनबहादुर गुरुङले २०५४ सालमा मन्त्रिपरिषद्ले कास्कीमा रहेका तालहरुको संरक्षण गर्ने भने पनि सरकारले संरक्षणको कुनै योजना ल्याउन नसकेको बताउनुभयो । सरकारले सिङ्गो कास्कीलाई नै उपेक्षा गर्नेगरी बजेट ल्याएको उहाँको गुनासो छ । सांसद मनिष झाले जनकपुरमा गुठीको जग्गा हिनामिना गर्नेमाथि कारवाही गर्न माग गर्नुभयो ।

सांसद महेश बस्नेतले इलामका चियाखेती गर्ने किसानले समयमै मल पाउन नसकेका कारण करोडौँ रुपैयाँको क्षति ब्यहोर्नु परेको बताउनुभयो । उहाँले इलामका चिया किसानलाई तत्काल मल उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद माधव सापकोटाले किसानले दूधको भुक्तानी बाँकी रहेको समस्या दिगो समाधान गर्न सरकारसँग माग गर्नुभयो । उहाँले सिन्धुपाल्चोकका सहकारीको रु तीन करोडसम्मको बक्यौता रहेको पाइएको उल्लेख गर्नुभयो ।

सांसद मेनकाकुमारी पोखेलले सेना र प्रहरीका जवानलाई मनोविमर्शसम्बन्धी तालिम दिनुपर्नेमा जोड दिनुभयो । विद्यालयस्तरको पाठ्यक्रममा मनोपरामर्शसम्बन्धी विषय समावेश गर्नुपर्ने उहाँको भनाइ थियो । सांसद मैना कार्कीले लाभग्राहीको घरघर र टोलटोलमा गएर राष्ट्रिय परिचयपत्र वितरण गर्न माग गर्नुभयो। सांसद रणकुमारी बलमपाकी मगरले सिन्धुलीस्थित बिपीमार्गका लागि पर्याप्त बजेटको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद मङ्गलप्रसाद गुप्ताले रोजगारीमूलक व्यावहारिक शिक्षामा जोड दिँदै नेपाललाई सूचना प्रविधिको केन्द्र बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद रघुजी पन्तले भारतसँग जोडिएका खुला सिमानालाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो । सांसद रञ्जुकुमारी झाले बाढीपहिरोको रोकथामका लागि सरकारले पूर्व तयारी गर्नुपर्ने बताउनुभयो । उहाँले गर्मी र वर्षाका कारणले देशभर डेङ्गु फैलिएको भन्दै त्यसको नियन्त्रणका लागि पहल गर्न सरकारसँग माग गर्नुभयो ।

सांसदहरु रमा कोइराला पौड्याल, रणेन्द्र बराली, राजेन्द्रकुमार केसी, राजेन्द्र बजगाईं, रामकुमार राई, रामकृष्ण यादव, रामनाथ अधिकारी, रामहरि खतिवडा, रेखा यादव, रोशन कार्की, लालप्रसाद साँवालिम्बू, लीलानाथ श्रेष्ठ, लेखनाथ दाहाल, बिजुला रायमाझी, लक्ष्मी तिवारी, रुपाशशी चौधरी, रुक्मिणि राना बराइलीलगायतले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।रासस

# बालअधिकार सुनिश्चितताका लागि पालिकालाई घोषणापत्र हस्तान्तरण अभियान

सप्तरी । जिल्ला बालक्लब सञ्जाल सप्तरीले ‘ बालअधिकार सुनिश्चितताका लागि हाम्रो अभियान’ मूल नारासहित बनाएको यहाँका पालिका प्रमुखलाई १२ बुँदे घोषणापत्र हस्तान्तरण गर्न थालेको छ ।

जिल्ला बालक्लब सञ्जालका अध्यक्ष सलमा खातुनको नेतृत्वमा सप्तरी जिल्लाका १८ वटै पालिकाका प्रमुखलाई घोषणापत्र हस्तान्तरण अभियान सुरु गरिएको हो । त्यसअनुसार बुधबार खड्क र सुरुङ्गा नगरपालिका तथा विष्णुपुर, छिन्नमस्ता र तिलाठी कोइलाडी गाउँपालिकामा घोषणापत्र हस्तान्तरण गरिएको छ । आगामी शुक्रबारसम्म बाँकी रहेका पालिकामा घोषणापत्र हस्तान्तरण गरिसक्ने तयारी रहेको अध्यक्ष खातुनले जानकारी दिनुभयो ।

घोषणापत्रमा बालबालिकामा लगानी बढाउन माग गरिएको छ । बालमैत्री स्थानीय शासन घोषणाका लागि पहल गर्न, बजेट तथा नीति कार्यक्रममा बालबालिकाका सवाल समावेश गर्न, विद्यालय शिक्षाबाट वञ्चित, बालश्रम, लागुपदार्थ, दुर्व्यसन, असहाय, विपन्न र अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको व्यवस्था गर्न, बालविवाह मुक्त, बालहिंसा न्यूनीकरण, जन्मदर्तासम्बन्धी समस्या समाधान गर्न, जातीय विभेद तथा दाइजोलगायत सामाजिक कुप्रथा न्यूनीकरण गर्न घोषणापत्रमा माग गरिएको छ । यस्तै सबै स्थानीय तहमा स्थानीय बालअधिकार संरक्षण समिति तथा स्थानीय युवा परिषद् स्थापना गर्न बालसञ्जालको माग छ ।

बालबालिकालाई प्राथमिकतामा राखेर नगरसभा र गाउँसभाले नीति तथा कार्यक्रम समावेश गरुन् भन्ने उद्देश्यका साथ पालिकामा घोषणापत्र हस्तान्तरण गरिएको बालक्लबका सदस्य सोनिया मण्डलले बताउनुभयो ।

सप्तरी जिल्ला बालक्लब तथा पूर्वबालक्लब सदस्यद्वारा जेठ २० र २१ गते जिल्लाको राजविराजमा आयोजित प्रथम जिल्ला सम्मेलनले १२ बुँदे घोषणापत्र जारी गरेको थियो ।रासस

# सूचना माग कर्तालाई पक्राउ गरेको ब्यहोरा पेस गर्न आयोगको पत्र




काठमाण्डु । राष्ट्रिय सूचना आयोगले सूचना माग गरेको आधारमा अभियानकर्मी पक्राउ परिएको घटनाको यथार्थ ब्यहोरा पठाउन पत्राचार गरेको छ । आयोगका सचिव होमप्रसाद लुइँटेलले जिल्ला प्रशासन कार्यालय काठमाडौँलाई लेखेको पत्रमा घटनाका विषयमा छानबिन गरी/गराई यथार्थ विवरण पेस गर्न भनिएको छ ।

गोकर्णेश्वर नगरपालिकामा सूचना मागेको आधारमा प्रहरी वृत्त बौद्धले चारजना अभियानकर्मी पक्राउ गरेपछि आयोगले जिल्ला प्रशासन कार्यालय काठमाडौँलाई पत्राचार गरेको हो । सूचना माग गर्ने अभियानकर्मीलाई प्रहरीले पक्राउ गरी विभिन्न नाममा मुद्दा चलाइएकामा महासङ्घले देशभरका अभियानकर्मीको ध्यानाकर्षण भएको विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ ।

महासङ्घका अध्यक्ष उमीद वागचन्द र महासचिव अजयकुमार साहले जारी गर्नुभएको विज्ञप्तिमा जिल्ला कार्य समिति काठमाडौँका सदस्य अस्मिता खत्री, महासङ्घ गोकर्णेश्वर नगर समिति संयोजक आदर्श क्षेत्री एवं सूचनाको हकका अभियानकर्मीद्वय राजु सुनार र प्रेम श्रेष्ठलाई सूचना माग गरेर आतङ्कित गरेकाले पक्राउ गरेको भनी प्रचार गरेकामा आपत्ति जनाउनुभएको हो । अनियमितता, भ्रष्टाचार र बेथिति भएका विषयमा सूचना माग गरी सार्वजनिक गर्दा यस्तो आरोपमा पक्राउ गर्नु निन्दनीय रहेको महासङ्घले जनाएको छ ।

चारजना अभियानकर्मीलाई प्रहरी वृत्त बौद्धबाट खटिएको टोलीले गोकर्णेश्वर नगरपालिकाका विभिन्न स्थानबाट सोमबार पक्राउ गरेको थियो । वृत्तका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले भने जिल्ला अदालत काठमाडौँको पक्राउ पुर्जी प्राप्त भएकाले चारजनालाई पक्राउ गरिएको जानकारी दिनुभयो । चारजनालाई जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा पेस गरिएको जनाइएको छ । सूचना माग्न पाउनु नागरिकको संवैधानिक र कानुनी हक भएको उल्लेख गर्दै महासङ्घले सूचना मागेकै कारण प्रहरीले पक्राउ गर्नु विधिको शासनविपरीत भएको विज्ञप्तिमा उल्लेख गरेको छ । सूचना माग गर्नेले कानुनविपरीत कुनै कार्य गरेका छन्भने निष्पक्ष छानबिन गरी कानुनअनुसार कारबाही गर्न पनि महासङ्घका अध्यक्ष वागचन्दले माग गर्नुभयो । सूचना माग गरेकै कारण पक्राउ गरेको भन्ने हास्यास्पद तर्क कानुनसम्मत नभएको उल्लेख गर्दै महासङ्घले घटनाको निष्पक्ष छानबिन गर्न राष्ट्रिय सूचना आयोगसमक्ष माग समेत गरेको जनाएको छ ।

पक्राउ परेका चारजनालाई निःसर्त तत्काल रिहाइका लागि महासङ्घले माग गरिएको छ । सूचना माग गरेकै आधारमा पक्राउ गरेर नागरिकलाई प्रश्न गर्नेलाई तर्साएर अनिमियतता र भ्रष्टाचारलाई बढावा दिन खोजेको हो भने महासङ्घ कडा आन्दोलनमा उत्रन बाध्य हुने विज्ञप्तिमा उल्लेख गरिएको छ ।रासस

# देश विकासको बाटोमा अगाडि बढिरहेको छः मास्टर सेफ साह




काठमाण्डु । मास्टर सेफ सन्तोष साहले गणतन्त्रप्राप्तिपछि देश विकास र आर्थिक समृद्धिको बाटोमा अगाडि बढेको बताउनुभएको छ ।

राससले आयोजना गरेको ‘ गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार’ तस्बिर प्रदर्शनीको आज अवलोकनपश्चात् उहाँले राससको तस्बिर प्रदर्शनीले गणतन्त्रपछि विकास भएको छ भन्ने सन्देश प्रवाह गरेको बताउनुभयो । उहाँले भन्नुभयो, “गणतन्त्रपछि विकासै भएको छैन भन्ने भाष्यहरु बनिरहेका बेला राससले विकास पूर्वाधारका क्षेत्रमा प्राप्त उपलब्धि समेटेर गरेको प्रदर्शनीले देशविकास र परिवर्तनको सकारात्मक सन्देश दिएको छ । युवापुस्तामा ऊर्जा र उत्साह जगाएको छ ।”

सेफ साहले देशको भौतिक पूर्वाधार, आर्थिक समृद्धिका विविध आयामलाई समेटिएको प्रदर्शनीको प्रशंसा गर्नुभयो । “मलाई एकदमै खुसी लागेको छ, यो प्रदर्शनीका ज्ञानवर्द्धक कुराले । यदि म नआएको भए धेरैकुरा जान्ने अवसर गुम्ने रहेछ ”, उहाँले भन्नुभयो, “अरु नेपालीजस्तै म सोच्दथे देश विकास भएकै छैन तर राससको तस्बिर अवलोकन गरेपछि थाहा भयो कि देशमा धेरै कुरा भएका रहेछन् ।” उहाँले आगामी दिनमा देशविकास र आर्थिक समृद्धिका अझ धेरै विषयवस्तु समेटेर राससले यस किसिमको प्रदर्शनीलाई निरन्तरता दिन जरुरी रहेको बताउनुभयो । “नेपालमा केही प्रगति भइरहेको छ भन्ने कुरा यी तस्बिरले बोलिरहेका छन् । सबै नेपाली सकारात्मक बनेर देश विकासमा लाग्न आवश्यक छ । सकारात्मक सोच र पहलकदमी भए लाग्छ तर पक्कै देश बन्ने छ”, उहाँको भनाइ थियो । सेफ साहलाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले प्रदर्शनीमा राखिएका तस्बिरबारे जानकारी गराउनुभएको थियो ।

> सेफ साहलाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले प्रदर्शनीमा राखिएका तस्बिरबारे जानकारी गराउनुभएको थियो ।

**‘फुड टुरिज्म’ प्रवर्द्धन**

सेफ साहले नेपालमा ‘फुड टुरिज्म’ को प्रवर्द्धनका लागि आफू लागिपरेको बताउनुभयो । फुड टूरका लागि आफू भर्खरै कर्णाली गएर फर्किएको र त्यहाँको विकास र प्रगति देख्दा निकै उत्साहित भएको पनि बताउनुभयो । उहाँले नेपालको फुड पर्यटनमा अत्यन्तै सम्भावना रहेको भन्दै सबै सरोकारवाला मिलेर यसको प्रवर्द्धनमा जुट्नुपर्ने खाँचो औँल्याउनुभयो ।

पाककलामा उत्कृष्ट प्रदर्शन गर्दै सेफ साह ‘बिबिसी मास्टर सेफ प्रोफेसनल्स युके’ को विजेता बन्नुभएको थियो । पाककलामा नेपालका रैथाने खानालाई विश्वमाँझ परिचित गराउने अभियानमा लाग्नुभएका उहाँले मधेसको रैथाने परिकार मिथिला थालीको स्वाद नेपालसहित अन्तर्राष्ट्रियस्तरमा पस्किरहनुभएको छ । मिथिला थालीलाई जनकपुर, काठमाडौँ उपत्यकाका विभिन्न ठाउँमा विस्तार गर्नुभएका साहले चाँडै भारत र कतारमा मिथिला थाली विस्तार गर्ने योजना बनाउनुभएको छ ।रासस

# विपद् जोखिम न्यूनीकरणमा संवेदनशील बन आग्रह




काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगले विपद्जन्य घटनाको न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र व्यवस्थापनपक्षलाई थप चुस्त, सुरक्षित र प्रविधियुक्त बनाउन आग्रह गरेको छ ।विपद् पूर्वसूचना प्रणाली मातृभाषी समुदायका लागि पहुँचयुक्त बनाउन, स्थापित पूर्वसूचना प्रणाली तथा वर्षा मापन केन्द्रहरुलाई अद्यावधिक गर्न, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको प्रभावकारी कार्यान्वयमा जोड दिन संवदेशील हुन आयोगले सङ्घीय, प्रदेश र स्थानीय तहलाई आग्रह गरेको हो ।

“वातावरण संरक्षण र विकासबीच सन्तुलन कायम गरी मानव अधिकारमुखी विकास पद्धतिको अवलम्बन गर्न तथा बाढीपहिरोका कारण अवरुद्ध सडक खुलाउने नीति तय गर्नुपर्छ”, आयोगद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, “तराई मधेसको सीमावर्ती क्षेत्रमा भौतिक निर्माणबाट हुन सक्ने जोखिमको कूटनीतिक वार्तामार्फत समस्या समाधान गर्न, विपद् व्यवस्थापनमा आवश्यक न्यूनतम प्राविधिक उपकरण उपलब्ध गराउन आयोग सरकारको ध्यानाकर्षण गराउँदछ ।”

देशभर मनसुन प्रारम्भ भएसँगै यसवर्ष औषतभन्दा बढी वर्षा हुने र १८ लाखभन्दा बढी नागरिक प्रभावित हुने आकलनबाट नागरिकको जीउधनमा पर्नसक्ने जोखिमप्रति ध्यान दिन सरकारलाई आग्रह गर्दै आयोगले मनसुनजन्य विपद्को न्यूनीकरण गर्न आग्रह गरेको छ । आयोगले त्यसका लागि पूर्वतयारी, प्रतिकार्य तथा व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा रेडक्रसका अधिकारीहरुसँग परामर्श गरेको छ ।नेपालमा पछिल्लो १० वर्षमा मनसुनजन्य विपद्को घटनाबाट तीन हजार ५२ जनाको मृत्यु, सात सय ९१ जना बेपत्ता रहेका पाइएको छ ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| वृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कबीर प्रकट दिवस तीन दिन सम्म मनाईने

टुडे समाचारदाता

जनकपुरधाम। धनुषा स्थित सतलोक आश्रममा सदगुरु कविरको प्रकट दिवस मनाईने भएको छ । पूर्वब्रहम कबीर उपासक समाज नेपालले सन्त




रामपाल महाराजको सानिध्यमा तीन दिने कबीर प्रकट दिवस मनाउने भएको हो । यसका साथै तीन दिन सम्म गरीबदास महाराजको अमर ग्रन्थको अमर वाणीहरुको पाठ दिन दिन सम्म हुने आयोजकले जनाएको छ ।

तीन दिनसम्म हुने कार्यक्रममा अध्यात्मिक प्रर्दशनी रक्तदान शिविर दाइजो रहित विवाह निशुल्क मन्त्रदीक्षा लगायतको कार्यक्रम हुने जनाइएको छ । उक्त कार्यक्रममा शुद्ध घिउमा बनेका लड्डु,बर्फी र जलेवीको प्रसाद पनि वितरण गरिनेछ । कार्यक्रममा देशविदेश लगायत नेपालका सबै प्रदेशहरुबाट भक्तजनको मेला लाग्ने आयोजकले जनाएकोछ। कार्यक्रममा राजनीतिकर्मी, मन्त्री, विशिष्ठ ओहदाका कर्मचारी,प्रहरी र सैन्य कर्मचारीहरुको उपस्थितीमा असार ८ गते भव्य कार्यक्रम हुने जनाइएको छ।

आज भन्दा ६ सय २७ वर्ष पहिले लोक कल्याण हेतु काशीको लहरतारा तलाउमा कमलको फूलमा कबीर साहेव प्रकट भएको र निरु निमा नामक निसन्तान दम्पतीले लगेर उनको पालनपोषण गरेको बताईन्छ । उनी १ सय २० वर्ष यस पृथ्वीमा अनेकौ लिला गरेर धेरै भक्तहरुको उद्धार गरी सशरीर सतलोक प्रस्थान गरेको र उनकै प्रकट भएको सम्झनामा तीनदिने कबीर प्रकट दिवस मनाउन लागिएको आयोजकले जनाएको छ।

# सशस्त्र प्रहरीद्वारा ट्र्याक्टरसहित काठ बरामद




टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा सशस्त्र प्रहरीले अवैध काठ बरामद गरिएको छ।

जनकपुरधामउपमहानगरपालिका-१४ स्थित मुजेलियामा सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण हे.क्वा. धनुषाबाट खटिएको टोलीले विशेष सूचनाको आधारकाठको गोलिया बरामद गरेको धनुषाका प्रहरी उपरीक्षक दर्शन गिरी जानकारी दिए।

ज १ त ८१५७ नम्बरको ट्र्याक्टरमा लोड गरी ढल्केबरबाट जनकपुरधामतर्फ ल्याउँदै गरेको अवस्थामा ट्र्याक्टर र विभिन्न जातका काठका गोलियाहरू पक्राउ गरी नियन्त्रणमा लिएको साथै आवश्यक कारबाहीको लागि डिभिजन वन कर्यालय धनुषामा बुझाइएको उनले बताए।

# महोत्तरी गाउँपालिकाद्वारा ४६ करोड ९९ लाख रुपैयाँको बजेट प्रस्तुत

टुडे समाचारदाता

जलेश्वर । महोत्तरी गाउँपालिकाले आर्थिक वर्ष ०८१/८२ का लागि ४६ करोड ९९ लाख ८९ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ।




महोत्तरी गाउँपालिकाको ११ औं बजेट, नीति तथा कार्यक्रममा गाउँपालिका अध्यक्ष दिलीप कुमार पाण्डेले आर्थिक वर्ष ०८१/८२ का लागि ४६ करोड ९९ लाख ८९ हजारको बजेट सार्वजनिक गरेको हो।

संघीय सरकारबाट २७ करोड ३३ लाख, प्रदेश सरकारबाट १ करोड १९ लाख८९ हजार अनुदान र संघीय सरकारबाट रावश्व बाँडफाँड तर्फ ७ करोड ९७ लाख र प्रदेश सरकारको राजश्व बाँडफाँटबाट ५० लाख तथा आन्तरिक स्रोत अल्यासहित १० करोड अधिनमा रहेर बजेट ल्याइएको गाउँपालिका अध्यक्ष पाण्डेले बताए।

अध्यक्ष पाण्डेले प्रस्तुत गरेको नीति कार्यक्रममा गरिब घर पहिचान गरी परिचय पत्र विततरण गर्ने, कृषिलाई स्थानीय आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकका रुपमा विकास गरिने नीति लिएको छ। एक विद्यार्थी एक विरुवा, एक विद्यालय एक बगैंचा कार्यक्रम सञ्चालन गरी सामुदायिक विद्यालयलाई हरित विद्यालयको रुपमा विकास गर्ने, हरेक वडामा व्यायम पार्क बनाउने घोषणा गरिएको छ।

# योगाभ्यासले सेवा प्रवाहमा प्रभावकारिता ल्याउँछ : गृहमन्त्री लामिछाने



काठमाण्डु। उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले देश र जनताको सेवामा अहोरात्र खटिने नेपाल प्रहरीलाई व्यस्त, चुनौतीपूर्ण र कठिन जीवनशैलीमा योगाभ्यासले शारीरिक र मानसिकरूपमा थप स्वस्थ, संवेदनशील र सचेत बन्न मद्दत पुर्याउने बताउनुभएको छ।

दशौँ अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा पतञ्जली योग समिति नेपालसँगको सहकार्यमा नेपाल प्रहरीद्वारा बुधबार प्रहरी मुख्यालय नक्सालमा आयोजित एक दिवसीय योग विज्ञान शिविरमा उहाँ योग तथा प्रणायामले प्रहरीको सेवा प्रवाहमा समेत प्रभावकारिता ल्याउने उल्लेख गर्नुभयो।

व्यायामले शरीर र स्वस्थ मानसिकता एवम् निर्णय क्षमतामा प्रभाव पार्ने हुँदा योगलाई निरन्तरता दिन सामूहिक प्रतिबद्धताको आवश्यकता रहेको उहाँले औंल्याउनुभयो ।स्वस्थ शरीर र स्वस्थ मानसिकताले गर्ने निर्णय सबैभन्दा महत्वपूर्ण हुने स्मरण गर्दै गृहमन्त्री लामिछानेले भन्नुभयो, "योग, ध्यान र अभ्यासले जसरी स्वस्थ रहन्छौं, हाम्रो सोच्ने क्षमतालाई पनि त्यसले प्रभाव पार्छ । हामीले गहन जिम्मेवारी लिएका छौं, हाम्रो एकाग्रता, सोच, चुस्तता, मानसिक र शरीरिक स्वास्थ्य देश र सामाजका लागि महत्वपूर्ण हुन्छ । स्वस्थ मानिसकताका साथ आगाडि बढ्न सक्यौं भने हाम्रो निर्णयले समाजले सुरक्षित रहेको महसुस गर्दछ।"

गृहमन्त्री लामिछानेले युनिफर्म लगाएको प्रहरी देखेर हरेक नागरिकले सुरक्षित महसुस गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि शरीरिक र मानसिक अवस्था दुरुस्त हुन जरूरी रहेको बताउनुभयो ।प्रहरी सङ्गठनको प्रत्येक व्यक्तिको निर्णय महत्वपूर्ण हुने बताउँदै उहाँले कानुनले दिएको अधिकारलाई सदुपयोग गर्दै नागरिकका पक्षमा इमानदारिताका साथ काम गरेमा समाज परिवर्तन हुने बताउनभयो।

कार्यक्रममा गृहसचिव एकनारायण अर्यालले योगले आत्मा र शरीरको सम्बन्ध सुधार गर्ने बताउँदै मस्तिष्कको असीमित क्षमतालाई उजागर गर्न योग विज्ञान महत्वपुर्ण हुने बताउनुभयो ।प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले शिविरका माध्यमबाट योगको महत्व र योगाभ्यासका बारेमा सकल दर्जा माझ सचेतना अभिवृद्धि भई प्रत्यक्ष रूपमा लाभान्वित भएको अनुभूति गरेको बताउनुभयो। उहाँले योगको सही अभ्यास र निरन्तरताका लागि यो कार्यक्रम सहायक सिद्ध हुने अपेक्षा गरिएको उल्लेख गर्नुभयो।

प्रहरी महानिरीक्षक कुँवरले निश्चित आसन, विधि र पद्धतिको अवलम्बनद्वारा गरिने योगाभ्यासबाट शरीरमा स्फूर्ति बढ्ने, रोग प्रतिरोधात्मक क्षमताको विकास हुने तथा सकारात्मक सोचतर्फ व्यक्तिलाई उत्प्रेरित गर्नाका साथै स्वअनुशासन र आध्यात्मिक अनुशासनतर्फ डोऱ्याउन समेत मद्दत पुग्ने बताउनुभयो।

कार्यक्रममा गृहमन्त्री रवि लामिछानेले पतञ्जली योग समिति नेपालका वरिष्ठ योग गुरु लभदेव मिश्र, पतञ्जली युवा नेपाल समितिका केन्द्रीय संयोजक लोकनाथ खनाल र महिला पतञ्जली योग समिति नेपालका सहकेन्द्रीय प्रभारी अर्चना घिमिरेलाई सम्मान गर्नुभएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, अवकाश प्राप्त प्रहरी महानिरीक्षक, नेपाल प्रहरी श्रीमती सङ्घकी अध्यक्षलगायतको सहभागिता थियो ।रासस

# अग्निपीडित परिवारको शौचालय तथा ट्युबेलको पुन:निर्माण

राजविराज । आगलागीमा परेर क्षति भएका सप्तरीको महादेवा गाउँपालिका-१ चिम्टीका अग्निपीडित परिवारहरुको शौचालय तथा ट्युबेलहरुको पुनःनिर्माण सम्पन्न गरिएको छ। युनिसेफ नेपालको सहयोग एवं छाया नेपालको सहकार्यमा सबल नेपालको आयोजनामा आंशिक तथा पूर्णरुपमा क्षति भएका १५ शौचालयको मर्मत तथा पुनःनिर्माण गरिएको हो ।जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय पालिका, वडा तथा गैससको संयुक्त बैठकले शौचालय तथा खानेपानी पुनःनिर्माणको कार्यमा सबल नेपालले सहयोग गर्ने सहमति भएअनुसार चिम्टीका अग्निपीडित परिवारका लागि शौचालय तथा टयुबेलको पुनःनिर्माण सम्पन्न गरिएको सबल नेपालका सिनियर म्यानेजर अशोककुमार साहले राससलाई जानकारी दिनुभयो।




शौचालयको सेफ्टी ट्याङ्कीको सरसफाइ तथा रिङ भएका शौचालयको रिङसमेत सफाइ गरिएको जानकारी दिँदै सात हातेकलको मर्मत तथा प्लेटफर्म निर्माण गरिनुका साथै एक स्नान घर र एक/एक महिला-पुरुषका लागि छुट्टाछुट्टै अस्थायी शौचालयसमेत निर्माण गरिएको उहाँले बताउनुभयो।

सबलले नेपालका वास डिआरआर फोकल पर्सन परमेश्वर झाले आगलागीमा क्षति भएका सार्वजनिक शौचालयमा धारा, मोटर एवं हात धुने वेसिन जडान गरी सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो। आगलागीमा परेर जलेर नष्ट भएका शौचालयको छाना, ढोका, प्यान तथा अन्य सामग्री नयाँ लगाइएको तथा जलेका टयुबेलका पाइप तथा अन्य सामान नयाँ लगाइ सञ्चालनमा ल्याइएको उहाँको भनाइ छ। बस्तीमा गत वैशाख १८ गते भएको भीषण आगलागीमा ६४ परिवारका करिब एक सय १४ वटा घर जलेर नष्ट भएका थिए।

**निजी खर्चमा विपन्न बस्तीमा ट्युबेल जडान**

एक समाजसेवीले आफ्नै खर्चमा विपन्न समुदायलाई खानेपानीका लागि ट्युबेल जडान गरी उदाहरणीय कार्य गरेको छ। सप्तरीको रुपनी गाउँपालिका-२ लौआपार बस्तीका विपन्न समुदायलाई खानेपानीका लागि ट्युबेल जडान गरिएको छ। करिब तीन सय विपन्न परिवारलाई लक्षित गरी सोही पालिकाको वडा नं ६ वीरेन्द्र बजार निवासी ४० वर्षीय समाजसेवी रञ्जीत भगतले आफ्नो निजी खर्चमा ट्युबेल जडान गर्नुभएको हो ।

बस्तीमा ट्युबेल नहुँदा खानेपानी र सरसफाइ लगायतका काममा निकै समस्या हुने गरेको खबर पाएपछि आफूले सहयोग गरेको उहाँले बताउनुभयो। उहाँले ट्युबेल जडानको सम्पूर्ण खर्चका साथै सो स्थानमा नुहाउन, लुगा धुन र भाँडा धुने सुविधाका लागि स्ल्याबसमेत निर्माण गरिदिने प्रतिबद्धता जनाउनुभयो ।रासस

# मनसुनजन्य घटनाका समयमा समन्वय र सहकार्य गरी काम गर्नुस-मन्त्री शर्मा

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आगामी मनसुनजन्य घटना बाढीपहिरो, डुवान र चट्याङबाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्न मातहतका निकायलाई सर्म्पक, समन्वय र सहकार्य गरी कार्य गर्न निर्देशन दिनुभएको छ। मनसुनजन्य घटनाबाट हुनसक्ने जनधनको क्षतिबाट जोगिन र समयमै जनचेतना प्रदान गर्न मातहतका निकायबाट भइरहेका आवश्यक पूर्वतयारीबारे जानकारी लिँदै उहाँले विपद्का समयमा तत्काल सम्पर्क गर्ने र सूचना प्रवाह गर्ने कार्यलाई प्रभावकारी तुल्याउन सुझाव दिनुभयो।




मन्त्री शर्माले भन्नुभयो,"मनसुनको पूर्वसूचना दिने, विपद्का घटनाको तत्काल सही सूचना प्रवाह गरी राहत र उद्धार कार्यमा सबैको सहयोग र समन्वय हुन आवश्यक छ।"कल्पनानै नगरेको ठाउँमा बाढीपहिरो र डुवानका घटना भएका प्रशस्त उदाहरण रहेकाले राहत र उद्धारका लागि गर्नुपर्ने पूर्व तयारीको पाटोलाई विशेष ध्यान दिन सुझाव दिँदै मन्त्री शर्माले बर्षाद्काकरण अवरुद्ध हुनसक्ने सञ्चार सम्पर्कलाई नियमित तुल्याउनेतर्फ प्रभावकारी तयारी व्यवस्थापनको खाँचो औंल्याउनुभयो।

विपद्जन्य घटनाकारण इन्टरनेट सेवा प्रवाह र दूरसञ्चार सेवामा प्रवाहमा पर्न क्षतिको आँकलन गरी तत्काल सुचारु तुल्याउने समयन्त्र निर्माण गर्न सुझाव दिँदै उहाँले पूर्व सूचना सङ्कलन र विपद्बाट बच्न अपनाउनुपर्ने सचेतना समयमै प्रवाह गर्न सुझाव दिनुभयो । यसअघि मन्त्रालयका सहसचिव बाबुराम भण्डारीले मन्त्रालय र मातहतका निकायले आगामी मनसुनजन्य घटनाका सम्बन्धमा आ-आफना मन्त्रालयबाट भएका तयारी र आगामी दिनको रणनीतिबारे जानकारी लिन कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

सो अवसरमा विज्ञापन बोर्ड अध्यक्ष लक्ष्मण हुमागाईं, नेपाल टेलिभिजनका अध्यक्ष समीरजङ्ग शाह, रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसी, नेपाल टेलिकमका उपमहाप्रबन्धक सङ्गीता पहाडी अर्यालले आ-आफ्ना संस्थाबाट मनसुनजन्य घटनामा हुने जनधनको क्षति न्यूनीकरण र सेवा प्रवाहको निरन्तरताका लागि चाल्नुपर्ने कदम र कार्यक्रमबारे जानकारी गरानुभयो।

त्यसअवसरमा विश्व खाद्य कार्यक्रम नेपालका प्रतिनिधि रतिन्द्र क्षत्रीले बाढीपहिरोका घटनाबाट मनसुनका बेला विद्युत् र सोलारकाकारण सञ्चार अवरुद्ध भई सूचना लिन हुनसक्ने चुनौतीको सामाना गर्न जेनेटरलगायतका आवश्यक वस्तुको पर्याप्त मौजुदाको व्यवस्था गरिएको बताउनुभयो।

त्यस अवसरमा विपद् पछिका घटनामा मानवीय उद्धार र सेवा सुचारु पाटोमा विशेष ध्यान पुऱ्याउन आवश्यक रहेको बताउँदै अन्य सहभागी वक्ताले यस वर्षको मनसुनमा अघिल्ला वर्षको तुलनामा भारी वर्षाको सम्भावना आँकलन गरिएकाले सोही अनुरुपको तयारी व्यवस्थापनको खाँचो औंल्याउनुभयो ।रासस

## श्री क्षीरेश्वर जनता उच्च माध्यमिक विद्यालय

सखुवा-महेन्द्रनगर, धनुषा

## शिक्षक तथा कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मितिः-२०८१/०३/०५

यस क्षिरेश्वर जनता मा.वि. महेन्द्रनगर- धनुषाका लागि तपशिल बमोजिम (मा.वि. शिक्षक,नि.मा.वि. शिक्षक पदमा करार सेवामा नियूक्ति गर्नु पर्ने भएको हुँदा योग्यता प्रमाणपत्र पुगेका इच्छुक नेपाली नागरिकहरुले आफ्नो व्यक्तिगत विवरण नेपाली नागरिकताको प्रमाण-पत्र तथा शैक्षिक योग्यता शिक्षक पदको लागि अध्यापन अनुमति पत्र, अनुभव प्रमाण पत्र संलग्न गरी यस क्षिरेश्वर जनता मा.वि. महेन्द्रनगर धनुषाको महेन्द्रनगर स्थित सिद्धार्थ बैंक लिमिटेड मा चल्ती खाता नं ०२०१५०८०१७३ मा तोकिए बमोजिमको शुल्क सक्कलै बैंक भाउचर संलग्न गरी निवेदन स्वयम उपस्थित भई विद्यालयको प्रशासन शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | नियुक्तिको प्रकार | संख्या | तह | शैक्षिक योग्यता | दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | मा.वि. शिक्षक जिव विज्ञान | करार | १ | मा.वि. तृतिय | मान्यता प्राप्त शैक्षिक सँस्थाबाट जिव विज्ञान विषय समूहबाट कम्तिमा स्नातक उर्तीण | रु.५००।- |
| २ | २/२०८१/०८२ | नि.मा.वि. शिक्षक अंग्रेजी | करार | १ | नि.मा.वि. तृतिय | मान्यता प्राप्त शैक्षिक सँस्थाबाट अंग्रेजी विषयमा स्नातक उर्तीण | रु.२५०।- |
| ३ | ३/२०८१/०८२ | सुरक्षा गार्ड | करार | १ | श्रेणी विहिन | मान्यता प्राप्त शैक्षिक सँस्थाबाट कक्षा ८ उर्तीण | रु.१५०।- |

**आवश्यक कागजातहरूः**- व्यक्तिगत विवरण, नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता, अध्यापन अनुमति पत्र र अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि र २ प्रति (पासपोर्ट साइज फोटो) हस्तलिखित निवेदन साथ पेश गर्नुपर्ने छ।

**शर्तहरू आवश्यक योग्यता**

(१) उल्लेखित सबै पदका लागि कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्ने छ।
(२) भविष्यमा सरकारी सेवाकोलागि अयोग्य ठहरीने गरी कुनै पनि सेवाबाट नहटाइएको हुनुपर्ने छ।
(३) कुनै राजनितिक दलको सदस्य नभएको हुनुपर्नेछ।
(४) तलव सुविधा विद्यालयको नियमानुसार हुनेछ।
(५) सबै पदको निवेदन दिने अन्तिम मितिः- २०८१/०३/१९
(६) निवेदन पेश गर्ने स्थानः- श्र क्षीरेश्वर जनता मा.वि. प्रशासन शाखा
(७) विज्ञापन सम्बन्धि सम्पूर्ण अधिकार विद्यालयको छनौट समितिमा रहने छ।
(८) वि.नं.१,२ को लागि ४० वर्ष ननाघेको र वि.नं. ३ को लागि ५० वर्ष ननाघेको
(९) परीक्षाको किसिमः- वि.नं. १ र २ को लागि लिखित परिक्षा, कक्षा अध्यापन कक्षा अवलोकन र अन्तर्वाता हुने र वि.नं. ३ को लागि अन्तर्वाता
(१०) परिक्षा पाठयक्रम सामान्य विज्ञानको परिक्षा २० पूर्णाङ्क सम्बन्धित विषयको ५० पूर्णाङ्क र कक्षा अवलोकन ३० पूर्णाङ्कको रहने छ।
(११) महिलालाई विषेश ग्राहेता दिइनेछ।

**सम्पर्क नं. :-९८४४१४३४५,९८४४०३८६६६**

**प्राधानध्यापक**

## कर्मचारी आवश्यकता

मधेश प्रदेश स्थित धनुषा जिल्लाको श्री मिथिला बिहारी नगरपालिका अन्तर्गतमा व्यवसायिक कर संकलनका लागि व्यवसायीहरुको तथ्याँक संकलनको लागि केही कर्मचारीहरुको आवश्यकता रहेको छ। मिथिला बिहारी नगरपालिकाको वडा नं. १ देखि १० सम्म विभिन्न वस्तीमा रहेको सानादेखि ठुला व्यापार, व्यावसाय, व्यवसायीहरुको विस्तृत विवरण र तथ्यांक संकलन गर्नको लागि निम्न कर्मचारीहरुको आवश्यकता रहेकोले ईच्छु उम्मेदवार सूचना प्रकाशित भएको ३ दिनभित्र दिइएको ठेगानामा सम्पर्क राख्न हुन अनुरोध छ।

**तपसिलः**

| क्र.सं. | पद | माग सँख्या | कैफियत |
|---|---|---|---|
| १. | तथ्यांक सँकलनकर्ता | २० (महिला/पुरुष) | |

**योग्यता** : न्यून्तम +२ वा सो सरह।

**योग्य तथा आवश्यक कागजातहरूः**

१. नेपाली नागरिकताको प्रमाणपत्र वा शैक्षिक प्रमाणपत्र
२. दुई प्रति पासपोर्ट साईज फोटो
३. सवारी चालक अनुमति पत्र (लाईसेन्स) (अतिरिक्त)
४. सवारी अनिवार्य हुनुपर्ने।

**सेवा सुविधाः**

१. प्रारिश्रमिक आपसी सम्झौता अनुसार हुने। (न्यून्तम पारिश्रमिक लागू हुने)।
२. सवारीको लागि ईन्धन खर्च र आतेजाते उपलब्ध गराइने।
३. खाजा र खानाको व्यवस्था गरिने।
४. आवश्यक स्टेशनरी र मसलन्द उपलब्ध गराईने।
५. आवश्यक परेको बेला सवारी समेत उपलब्ध गराइने।

**सम्पर्कको लागि**

त्रिनेत्र ट्रेनर्स नेटवर्क प्रा.लि.

धनुषा

**सम्पर्क नम्बर : ९७०४१३४५५८**

ईमेलः trinews45@gmail.com

आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरूक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे।






प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# अनौठो संयोग

नक्कली सवारी लाइसेन्स बनाउने कार्यमा संलग्न रहेको अभियोगमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो(सीआईबी)ले पाँच जनालाई पक्राउ गरी अनुसन्धानलाई अगाडि बढाएकै दिन विशेष अदालतले १६ जना कर्मचारीलाई त्यस्तै अभियोगमा सफाइ दिएको छ।

यस अघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देशको विभिन्न यातायात व्यवस्था कार्यालयमा कार्यरत्त १६ जना कर्मचारीले फर्जी लाइसेन्स वितरण गरेको अभियोग सावित गर्दै विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो। उनीहरु सबै जनाले सफाइ पाएका छन्। सफाइ पाएका यातायातका कर्मचारीहरु माथि लागेको आरोप र सीआईबीले पक्राउ गरेको पाँच जना माथि लगाएको आरोप एकै नासको छ। सीआईबीले पक्राउ गरेका कर्मचारीहरु देशको विभिन्न यातायात व्यवस्था कार्यालयमा कार्यरत्त छन्। उनीहरु मध्ये केही कम्प्युटर अपरेटर, केही अधिकृत र केही करारका कर्मचारी हुन्। सीआईबीले उनीहरु माथि पुरानो सिस्टमलाई ह्याक्क गरी फर्जी लाइसेन्सहरुलाई यातायात व्यवस्थाको नयाँ सिस्टममा प्रयुक्त गरेको आरोप लगाएको छ। सीआईबीले लामो अनुसन्धान गरी प्रमाण संकलन गरेको छ। उनीहरुलाई थप अनुसन्धानको लागि अदालतबाट म्याद थप गरेको सीआईबीले मुद्दा सोझै अदालतमा लैजाने अथवा अख्तियारको मार्फत जाने त्यो पछि टुंगो लाग्ने छ। तर एकै प्रकारको अभियोग लागेका कर्मचारीहरुलाई अदालतले सफाइ दिएकै दिन त्यस्तै अभियोगमा पक्राउ परेका कर्मचारीहरुको मनोबल बढाएकै हुनुपर्छ। सीआईबीले पक्राउ गरेका कर्मचारीहरुलेपनि सफाइ पाउने नजिर स्थापित भइसकेकोमा ढुक्क छ। हुनत अनुसन्धानको प्रक्रिया र प्रकृति फरक हुन सक्छ। प्रमाण पनि फरक हुन सक्छ। सरसर्ती हेर्दा एकै प्रकारको अभियोग रहे पनि भित्री तथ्य फरक हुन सक्छ। १६ जना कर्मचारीले सफाइ पाए जस्तै पछि पक्राउ परेका कर्मचारीहरुले सफाइ नपाउन सक्छन्। त्यो अदालतको विषय हो। अनुसन्धानको क्रममा संकलन गरिने प्रमाण नै कुनै पनि मुद्दाको मुख्य आधार हुने गर्छ। दोषीले उन्मुक्ति पाउने अथवा सजाय पाउने विषय मुख्यतः अनुसन्धानमा नै भर पर्छ। यातायात व्यवस्था कार्यालयमा भएको गडबडीलाई सुधार गर्ने प्रयास पछिल्लो समयमा भएको देखिन्छ। सवारी इजाजत पत्र वितरणमा अनियमितता हुने आरोप निरन्तर लाग्ने गरे पनि त्यसलाई सुधार गर्दै कार्यालयले कामलाई अझ पारदर्शी र व्यवस्थित बनाउन आवश्यक छ। फर्जी लाइसेन्स बनाउन पनि हुँदैन। त्यसले कुनै पनि बखत समस्या सृजना हुन सक्छ। नेपालमा सवारी चालक अनुमति पत्रलाई सरकारी कामकाजमा नागरिकता सरहको मान्यता दिएको छ। त्यसकारण सवारी चालक अनुमति पत्र प्रदान गर्दा हरेक दृष्टिले चेकजाँच गरिनु पर्छ। फर्जी काम कुनै पनि हालतमा हुन दिनु हुँदैन। गर्न पनि हुँदैन।

# रूमलिएका प्रदेश सरकार !

**राजन भट्टराई**

नेपालको संघीयतामा प्रदेश संरचना नवउत्पादन हो। **संविधानतः** कार्यपालिका तथा व्यवस्थापिका सहितको नीति, सुशासन र विकासको क्षेत्राधिकार प्रदेशलाई हस्तान्तरित छ। पूर्ण शासनको अवधारणाबाट प्रदेश सरकार निर्दिष्ट छ।

यसो भए पनि प्रदेश सरकार सार्वभौम होइन, कार्यात्मक हो। संवैधानिक क्षेत्राधिकारभित्रको चलायमान अंग हो र राज्यको सम्भाग हो।

प्रदेश राजनीतिक खेलको मैदान मात्र होइन, नागरिकका भरोसाको संयन्त्र हो। प्रदेश सरकार नेपालको भौगोलिक विशिष्टता, जनसंख्या, बहुलता, भाषा, संस्कृति, प्रशासनिक सुगमता, आर्थिक अन्तर्सम्बन्ध र ऐतिहासिकताको उपलब्धिको हिस्सा हो।

प्रदेश सरकारले राजनीतिक चरित्र मात्र नभई शासकीयता, बहुलता, विविधता, सन्तुलन, सामाजिक न्याय तथा चरित्रको आकार ग्रहण गरेको छ। यति हुँदाहुँदै पनि संघीयताको खाकाभित्र प्रदेशको विन्यास कसरी बुनिएको छ, त्यसको डिस्कोर्स मननयोग्य छ।

छिमेकी मुलुक भारतमा अर्धसंघीय शासन छ तर त्यहाँको नेतृत्वले कदापि एकात्मक राज्यको वकालत गरेको पाइँदैन। त्यहाँ तल्ला तहसम्म अधिकारको पूर्ण निक्षेपण छ, नागरिकको भावनामा एकात्मकता छ।

भारतको संघीयता पनि धेरै सार्वभौम एकाइहरू बीचको सम्झौताको परिणाम होइन। एकात्मक प्रणालीको संघीय रूपान्तरण मात्र हो। भारत आगामी सन् २०२७/२८ सम्ममा विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने घोषणा अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ। यी राष्ट्रिय लक्ष्यको पूर्णताका लागि राज्य (प्रदेश) सरकारहरू छन्।

प्राध्यापक इरिन र्‍यानले बोस्टन कलेजको रिभ्यु जर्नल (सन् २०११) मा कुनै मुलुकको संघीयताको उपलब्धिलाई सामाजिक विविधता र स्थापित राजनीतिक संस्थाबाट विश्लेषण गर्न सकिने धारणा सार्वजनिक गरेका छन्।

विश्वका संघीय मुलुकको शासकीय ढाँचा हेर्दा नाइजेरियामा सैनिक शासनभित्र संघीय शासन प्रणालीले गति लिएको छ। बेलाबेलामा पाकिस्तानमा लोकतान्त्रिक सरकारलाई सेनाले बर्खास्त गरेका घटना छन् तर संघीय संरचना सुदृढ छ।

सन् २०१६ मा अरूणाचल प्रदेशमा भारतले राष्ट्रपति शासन लागू गरेको थियो जबकि राज्यमा निर्वाचित सरकार थियो।

नेपालको जस्तै सहकारीमूलक संघीयता अपनाएको मुलुक बेल्जियम हो। त्यहाँको करिब ३७ वर्षको संघीयताको अनुभव र अभ्यास अध्ययन गरी तयार गरिएको 'शक्ति साझेदारी र संघीयताको विरोधाभास (१९७८-२०१८) अध्ययन पत्र' मा तल्ला तहले स्वशासनका नाममा केन्द्रलाई तनाव दिएका र 'उपराज्य राष्ट्रवाद' हाबी भएका उदाहरणहरू दिइएको छ।

प्रदेश जति धेरै हाबी हुन्छ त्यति नै राष्ट्रिय महत्त्वका विषयमा केन्द्र बन्धक बन्ने तथ्य देखाइएको छ। भारतमा पनि पश्चिम बंगाल राज्यले बंगलादेशसँग टिस्टा नदीको जलसन्धिमा धम्की दिँदा भारतीय विदेशनीतिमा उतारचढाव देखापरेको थियो।

बाह्य शक्तिले राज्यतहमा छिरेर केन्द्रीय सरकारका विरूद्ध धावा बोलेको तथ्य भारतीय सुरक्षा नीतिमा उल्लेख गरिएको छ। यसमा अरूणाचल राज्यको केही भूभागमा चीनको दाबी रहेको तथा खलिस्तान आन्दोलनमा पाकिस्तानको हात रहेको भारतीय सुरक्षा अंगको प्रतिवेदनमा उल्लेख छ।

**संघीय शासन त्रिखुट्टी (राजनीतिक, वित्तीय, प्रशासनिक) छ।**

एक - प्रदेशको राजनीतिक संघीयतालाई निर्वाचन पद्धति, प्रतिनिधित्व, सरकारको बनोट र समावेशिताको आँखाबाट हेर्नुपर्छ। प्रदेशको प्रतिनिधित्व प्रणालीले नेपालको बहुलता र विविधताको सम्बोधन गर्न सकेको छैन, राजनीतिक स्थिरता दिन पनि सकेको छैन।

सामाजिक संरचना र जनसंख्यालाई आधार बनाएर निर्वाचन पद्धति तय गरिए पनि प्रदेशभित्रको समावेशी समूहको प्रतिनिधित्व र संख्यामा मेल खाएको छैन। २०७९ को निर्वाचनमा प्रदेश सभातर्फ पार्टी भारदारी संख्याले समावेशिताको अंकगणित बल्लतल्ल मिलाइएको छ।

**संविधानतः** प्रदेशको व्यवस्थामा 'डिजाइन डिफिसेट' देखिन्छ। सातै प्रदेशमा अस्थिरता छ, प्रदेश सभामा बहुलता र विविधताको तस्बिर छैन। उल्टै सत्ताका लागि अनैतिक र अस्वस्थ प्रतिस्पर्धाका खेल भइरहेका छन्।

सबै प्रदेशमा आमजनमानसमा वितृष्णा देखिन्छ। प्रदेश सरकार बनाउन र भत्काउन अदालत प्रयोग हुने गरेको छ। पार्टी तथा पार्टी नेतृत्वको स्वार्थ र लेनदेन (लङ रोलिङ) मा प्रदेश सभाका सदस्य मतियार र हतियार हुने गरेका छन्।

वित्तीय संघीयताका अध्येता प्रोफ्रेसर रिचार्ड मुस्ग्रेवले सन् १९६५ मै संघ सरकारले आर्थिक स्थितीकरण र आय पुनर्वितरणको जिम्मा लिनुपर्छ र उपराज्य सरकारले स्रोतसाधनको निर्धारण गर्नुपर्छ भनेका छन्।

यसैले संवैधानिक कार्यसूची, सार्वजनिक सेवाको माग र आपूर्ति, विकेन्द्रीकरणको अनुपातमा केन्द्रीय राजस्व एवं वित्त हस्तान्तरण भएर के कति नागरिकमाझ पुग्यो, प्रादेशिक पुँजी के कसरी चलायमान भयो भन्ने तथ्यको विश्लेषण जरूरी छ।

नेपालको संविधानको धारा ५९ र ६० बमोजिम प्रदेशलाई नीति, कार्यक्रम र योजना बनाउने तथा राजस्व उठाउनेसम्मको आर्थिक अधिकार छ। संघबाट वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट, रोयल्टी, समानीकरण, समपूरक तथा विशेष अनुदानको वित्तीय स्रोत छ।

देशव्यापी रूपमा उठाइने आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क र भन्सार महसुलजस्ता राजस्व स्रोत संघको अधिकार क्षेत्रमा छन्। प्रदेशमा राजस्व क्षेत्र सीमित छन्।

प्रदेशमा रेडियो र टेलिभिजन दस्तुर, व्यवसाय रजिस्ट्रेसन दस्तुर, मनोरञ्जन कर, स्वास्थ्यसेवा कर, नदीजन्य वस्तु बिक्री कर आदिको तथ्यांक हेर्दा प्रदेशको कर-राजस्व संकलनको विभाज्य कोषको विवरण दयनीय छ।

स्थानीय तहलाई विभाज्य कोषमा राजस्व बाँडफाँट गराउन सक्ने हैसियत प्रदेशसँग छैन। केवल संघसँग करिब ९० प्रतिशत अनुदान मागेर प्रदेश चलाउने काम भएको छ। प्रदेशमा राजस्व प्रशासन बलियो छैन। ठूल्ठूला सहरी क्षेत्र भएका प्रदेशले पनि विज्ञापन र मनोरञ्जन कर लगायतका सेवाशुल्क उठाउन सकेका छैनन्।

प्रदेशको एकल करका रूपमा कृषि सेवा शुल्क मात्र छ जसमा आर्थिक वर्ष २०७९/८० मा करिब ३२ करोड रूपैयाँ संकलन भएको छ। सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको हिस्सा बढी भएकाले प्रदेशको अर्थतन्त्र गतिशील र चलायमान छैन।

गीत र गाथाले मात्र राजनीति चल्दैन, वित्तीय स्रोतको सबलीकरणबाटै संविधानप्रदत्त कार्य तथा जिम्मेवारी पूरा हुन्छ। प्रदेशहरू वित्तीय सबलता र स्रोत बढाउने काममा छैनन्। आर्थिक २०८०/८१ मा संघबाट ६५ प्रतिशत सशर्त अनुदानको हिस्सासहित वित्तीय हस्तान्तरण भएको छ। समानीकरण अनुदानमा २५ प्रतिशत कटौती भएको उदाहरण छ।

वन तथा जडिबुटी, ढुंगा, गिटी, बालुवा, स्लेटजस्ता खनिजजन्य प्राकृतिक स्रोतको उत्खनन र व्यवस्थापनमा प्रदेशको अधिकार संकुचित छ। राजस्व बढाउने यी क्षेत्रको साँचो संघमा छ। प्रदेशहरू जग्गा प्राप्ति र उपयोगकै चक्रव्यूहमा रूमलिएका छन्।

काठमाडौं महानगरको जति राजस्व कुनै पनि प्रदेशले उठाउँदैन। प्रदेशको आन्तरिक ऋणको सीमा र परिचालन खाका तर्जुमा भए पनि ऋण व्ययभारको दिगो आधार छैन। उपलब्ध स्रोत परिचालन, पुँजी निर्माण, वित्तीय सुशासन, सेवाको माग र आपूर्तिको अनुपात, बहुस्तरीय राजस्व उत्पादन, खर्च र उत्तरदायित्व, वितरण, स्थानान्तरणका समग्र पक्षमा प्रदेशहरू चुकेका छन्।

नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को आकार बढेर ५९ खर्ब रूपैयाँ पुगे पनि सार्वजनिक ऋण बढ्दै गर्दा वित्तीय संघीयता र शासकीय संघीयतामाथि नै प्रश्न उठ्न थालेको छ। संघीयता असाध्यै खर्चालु प्रणाली हो। प्रदेशहरू वित्तीय रूपमा अनुदानमुखी छन्। अधिकारका लागि केन्द्रमुखी छन्। फजुल खर्चमा बेलगाम छन्। संघको वितीय स्रोतमा तलमाथि पर्न गएमा अनुदानमा टिकेका तल्ला तहमा कोलाहल चल्नेछ।अर्जेन्टिना र ब्राजिलमा प्रदेश ऋणमा जाने र संघ जमानत बसेर प्रदेश चलाउनुपर्ने घटना भएका छन्। चीनमा प्रदेशले नै आर्थिक संघीयकरण र बजारीकरणमा भूमिका निर्वाह गरेका छन्।

राजस्वको मूल स्रोत संघमा केन्द्रीकृत भएर खर्चको जिम्मेवारी तल्ला तहमा हस्तान्तरित भएको मुलुक अस्ट्रेलिया हो। त्यहाँ सामाजिक न्याय, सन्तुलित विकास, उत्पादन तथा रोजगारीका लागि सबल वित्तीय व्यवस्था छ।

भारतमा वित्तीय र राजस्व वितरणमा केन्द्र प्रदेशमाथि हाबी छ तर भारतीय वित्त आयोगले केन्द्रीय राजस्व (कर र गैरकर) को लगभग ४० प्रतिशत राज्यहरूलाई हस्तान्तरण गरेको छ। संघले वित्तीय निर्भरता र प्रशासनिक नियन्त्रणबाट तल्ला तहमा इमानदारिता सिर्जना गरेका छन्। क्यानडामा क्युबिक, अन्टारियो र अल्बटा राज्यले वित्तीय संघीयता धानेका छन्।

तीन- नेपालमा संघीय निजामती ऐन नै प्रशासनिक संघीयताको अचुक अस्त्र हो भन्ने भ्रम छ। मानव पुँजी व्यवस्थापन र परिचालनको खाकासहित प्रशासनिक संघीयता व्यवस्थित बनाउन तीनै तहका प्रशासनिक संरचना निर्माण, कर्मचारी व्यवस्थापन लगायत समग्र पक्षको विश्लेषण हुन आवश्यक छ।

तीन तहका अधिकार क्षेत्रलाई आधार मानी प्रत्येक तहको निकायगत कार्यक्षेत्र, त्यसको कार्यबोझ तथा कार्यप्रकृति समेतका आधारमा संगठन तथा जनशक्ति व्यवस्थापन हुन जरुरी छ।

संवैधानिक कार्यसूची अनुसार तल्ला तहमा सेवा वितरण, विकासमा चाहिने जनशक्ति र स्रोत परिचालनको कुनै अध्ययन भएको छैन। संघले संरचना बनाउनु र संघले कर्मचारी पठाउनुलाई प्रदेश र स्थानीय तहले संघीयताको मर्म र भावना विपरीतको काम ठानेका छन्।

> मधेश प्रदेशले वास्तविक खर्चभन्दा १५५ प्रतिशतसम्म बढी हुने गरी बजेट ल्याएको उदाहरण छ। वित्तीय अनुशासनहीनता बढेको र बेरूजु चुलिएको तथ्यांक महालेखा परीक्षकको प्रतिवेदनमा पाइन्छ।

खटाइएका कर्मचारीलाई स्थानीय तह र प्रदेशले हाजिर नगराउने, तिनको मानप्रतिष्ठामा आँच पुर्‍याउने जस्ता व्यवहार गर्ने गरेका छन्। पजनी प्रथाको पुनरावृत्ति भएको छ। संघीय निजामती सेवा, प्रदेश निजामती सेवा तथा स्थानीय सेवालाई अघोषित रूपमा **क्रमशः** क, ख र ग श्रेणीका रूपमा विभाजन गर्दा कर्मचारीमा मनोदशाको खाडल गहिँरिदै गएको छ।

राजनीतिक र वित्तीय संघीयताको लाभ नागरिकमा पुर्‍याउन तदनुकूल प्रशासनिक संरचना चाहिन्छ। तल्ला तहमा प्रशासन गठन र परिचालनको स्पष्ट मापदण्ड नहुँदा प्रदेश र स्थानीय तहमा ऐँजेरू कानुन बग्रेल्ली पलाएका छन्।

संघीय अनुदानभित्र रमाउँदै विभिन्न सेवा, समूह, उपसमूह गठन भएका छन्। गहन अध्ययन नगरी बेहिसाब पद सिर्जना गरिएका छन्। संगठन संरचना पुनरवलोकन गर्दा कार्यबोझ, संगठनात्मक संरचना, जनशक्ति, लाभ र सेवा प्रवाहको सुनिश्चितता छायामा परेको छ।

रातारात हुने बढुवाले प्रदेशको दरबन्दी संरचना ड्रमबेलमा रूपान्तरण भएको छ। अहेब व्यक्ति डाक्टर पदमा र ओभरसियर व्यक्ति इन्जिनियर दर्जामा बढुवा हुने स्थिति बनेको छ। यसबाट प्रदेशको कर्मचारीतन्त्र काम नलाग्ने अवस्थाको हुने दिशामा छ।

आयरल्यान्डकी उपन्यासकार लेडी मोर्गनले आयरल्यान्डलाई ब्युरोमेनियाको भिडबाट मुक्त गर्न आह्वान गरेजस्तै राजनीतिको छुटतन्त्र र प्रशासनिक भिडतन्त्रबाट हाम्रा प्रदेशलाई मुक्त गर्नुपर्ने भएको छ।प्रदेशमा कानुनको जंगल पलाउँदै छ। समानान्तर संरचनाहरू बनेका छन्। बढुवा र सुविधा बढोत्तरी, दरबन्दी सिर्जना जस्ता गतिविधि चलेका छन्। यसरी व्ययभार बढाउने शृंखला जारी छ।

प्रदेशमा मन्त्रालयको संख्या अनपेक्षित रूपमा बढाउने गरिएको छ। बेतुकका समिति, आयोग, परिषद, बोर्ड, प्राधिकरण, विकास समिति बन्ने क्रम चलेको छ।

राजनीति र प्रशासनिक नेतृत्वले राज्यको स्रोत र शक्ति प्रयोगको औचित्य नागरिकसामु पुष्टि गर्न सक्नुपर्छ। कानुन 'कपी-पेस्ट' गरेर, अनावश्यक संरचना बनाएर, कर्मचारी थपेर संघीयता सबल हुँदैन। आवश्यकता र औचित्यका आधारमा मात्र कर्मचारीको संख्या बढाउनुपर्छ।यहाँ त प्रदेशलाई भिडतन्त्रमा रूपान्तरण गरिएको छ। प्रदेशहरू आफ्नो राजस्व र आम्दानीले धान्ने, टिक्ने र चल्ने स्वैरकल्पनामा छन्।

सन् २०१२ मा प्रकाशित अरेन्ड लिजफार्टको 'प्याटर्न अफ डेमोक्रेसी' कृतिमा 'राजनीतिमा एउटा व्यवस्था समाप्तिले अर्को व्यवस्था सिर्जना हुन्छ तर प्रशासनिक मूल्य र संरचना समाप्त भएमा राज्य नै ध्वंश हुन्छ' भनेका छन्।संघीय निजामती सेवा ऐन अविलम्ब जारी गर्न र त्यसको अधीनमा प्रदेश निजामती सेवा तथा स्थानीय सेवासम्बन्धी कानुन जारी गर्न आवश्यक भएको छ। संघीय ऐनले तीन तहको प्रशासनिक सेवाका आधारभूत सिद्धान्त, सेवाको मापदण्ड, प्रशासनिक सम्बन्ध र समन्वय तथा वृत्तिविकासको विषय सम्बोधन गरेको हुनुपर्छ।

सातै प्रदेश हालसम्मको कार्य सम्पादनमा केन्द्रभन्दा शिथिल देखिन्छन्। प्रदेशका कामकारबाही नागरिकसामु दृश्यवान छैनन्। स्थानीय तहसँग त प्रदेशको तुलनै हुँदैन। भरतपुर महानगरपालिकाले सात वर्षमा सात सय किलोमिटर सडक कालोपत्रे गरेको छ। यस्तै हाराहारी काम बागमती र गण्डकीले गरेका छन्। अरू प्रदेश धेरै तल छन्।

प्रदेशहरू थिति, शासन, विकास कुनैमा पनि अब्बल बन्न सकेका छैनन्। वितरणमुखी छन्, राजकीय शक्ति प्रयोगको होडबाजी छ। संघ र स्थानीय तहसँग कार्यक्रम दोहोरिने, तेहरिने र स्रोत छरिने प्रवृत्तिले स्रोतको चरम दोहन भएको छ। प्रदेशहरू न विकास र समुन्नतिमा प्रतिस्पर्धी बन्न सकेका छन्, न साझा क्षेत्राधिकारमा परिपूरक बनेका छन्।

चालु खर्चको बजेट बढेको बढ्यै छ। पुँजीगत खर्च र विकास वित्तका सूचक घट्दै छन्। पछिल्ला तीन आर्थिक वर्षमा प्रदेशको बजेट खर्च औसत ५६.४२ प्रतिशत छ। प्रदेशमा पुँजी निर्माण सुस्त छ। एक प्रदेशमा करिब पाँच सय बहुवर्षीय र करिब १५ सय क्रमागत योजना छन्। अनुदानमा निर्भर र स्रोतरहित योजनाका खाका बग्रेल्ती छन्। खर्च गर्ने क्षमता नबढाउने तर ठूलो आकारको बजेट ल्याउने प्रवृत्ति सबै प्रदेश सरकारमा छ।

मधेश प्रदेशले वास्तविक खर्चभन्दा १५५ प्रतिशतसम्म बढी हुने गरी बजेट ल्याएको उदाहरण छ। वित्तीय अनुशासनहीनता बढेको र बेरूजु चुलिएको तथ्यांक महालेखा परीक्षकको प्रतिवेदनमा पाइन्छ। नागरिकसँग प्रत्यक्ष नजोडिएको प्रदेश संरचनाको जबाफदेहिता नागरिकप्रति होइन, पार्टीको नेतृत्वप्रति छ।

प्रदेश सरकार राज्यका उपल्ला र तल्ला संरचनाको सम्बन्ध सेतु हुनुपर्थ्यो। यसको साटो शासकीय संरचनाको गलगाँड जस्तो देखिन थालेको छ। प्रदेशहरू राजनीतिक अस्थिरताका रणभूमि भएका छन्। केन्द्रको अस्थिर राजनीतिक चलखेलको चक्रव्यूहमा फसेका छन्।प्रदेशहरू राजनीतिक र प्रशासनिक नेतृत्व विकासको थलो बन्न सकेका छैनन्। नागरिकको भरोसा र आशाको संयन्त्र बन्न सकेका छैनन्। राजनीतिक र प्रशासनिक चरित्रका हिसाबले प्रदेश सरकारहरू नागरिकमाझ विघटनको अवस्थामा छन्।

# केक परम्परा र हाम्रो संस्कृति

**अजयकुमार झा**

'ह्याप्पी बर्थडे टु यु', 'ह्याप्पी बर्थडे'- जन्म दिनमा शुभकामना दिँदा सबैभन्दा बढी प्रयोग हुने शब्द हुन् यी। यही बोलको अङ्ग्रेजी गीत छ, सन् १९९८ को गिनिज वर्ल्ड रेकर्ड्सका अनुसार यो सबैभन्दा बढी गाइने गीत थियो। गीतको मुख्य बोललाई कमसे कम १८ भाषाहरूमा अनुवाद गरिएको छ।

जन्म दिनमा उत्सवको आयोजना गर्ने चलन निकै प्रचलित भइरहेको छ। खासगरी सहरी बालबालिकाबिच बर्थडेको केक काट्ने चलन चाडभैँ हुन पुगेको छ। ह्याप्पी बर्थडे भनेर जन्म दिनका अवसरमा भेटेर वा सामाजिक सञ्जालमार्फत शुभेच्छा व्यक्त गर्ने वा पठाउने गरिन्छ।

जन्म दिन मनाउने यो चलनलाई धेरै पुरानो भन्न नसकिए पनि यस्तो चलनको अनुकरण गर्नेहरूको संख्या ठुलो छ।

बर्थडेको चलनझैँ विवाह वर्षगाँठ मनाउने चलन पनि बढ्दो छ। विवाह भएको तिथि-मितिमा मनाइने यस उत्सव 'म्यारिज एनिभर्सरी' वा 'वेडिङ एनिभर्सरी'का नाममा ज्यादा प्रचलित छ। वैवाहिक वर्षगाँठमा पनि केक काट्ने कार्य विशेष महत्त्वका साथ पूरा गरिन्छ।

विद्यालय, सङ्घ-संस्था, व्यावसायिक प्रतिष्ठानले वार्षिकोत्सव मनाउने चलन पुरानै हो, तर यसमा अहिले केक काट्ने चलन थपिन थालेको छ।

परीक्षामा उत्तीर्ण हुँदा; व्यवसाय प्रारम्भ गर्दा; सरकारी वा गैरसरकारी सेवामा नाम निकाल्दा; पदोन्नति हुँदा; खेल, प्रतियोगिता वा चुनाव जित्दा आदि खास-खास उपलब्धि हासिल गर्दा उत्सव मनाइन्छ र यस्ता उत्सवमा केक काट्ने चलन पनि बढेको छ। बर्थडे, वेडिङ एनिभर्सरी, वार्षिकोत्सव वा जुनसुकै उत्सव पनि केक नकाटी प्रारम्भ हुँदैन। वस्तुतः बर्थडे वा वेडिङ एनिभर्सरी उत्सवको मूल कार्य नै केक काट्नु हो। अर्थात् यस्ता उत्सवबाट केक काट्ने चलनलाई हटाउन सकिँदैन। केक काट्ने कार्यलाई समावेश नगर्ने हो भने उत्सव उत्सवजस्तो रहन जाँदैन। हाम्रो आफ्नै यस्ता अवसरमा फलफूल, मिठाई, अक्षता, धूप, दीप आदि सान्दर्भिक हुन्छन्। मुख मिठो पारौँ भनेर मिठाई वितरण गर्ने परम्परा छ।

**केक के हो ?**

केक युरोपेली खानाको एउटा परिकार हो। अर्थात् केक बेक्ड (रोटी) खाना हो, हाम्रोतिर बेकरीले तयार गर्ने सामग्रीलाई केक भनेर बुझ्छौँ। भोजनको अन्त्यमा गुलियो बेक्ड खाने पश्चिमी परम्परा हो। पुरातन रोममा मैदामा मख्खन, अन्डा र मह आदि थपेर मिठो बेक्ड खाने चलन बस्यो। प्रारम्भिक इङ्ल्यान्डमा पनि, केकहरू भोजनको अनिवार्य हिस्सा बन्यो।

पिठो, चिनी, अन्डा, मक्खन वा तेल मिश्रित पकवान नै केक हो। केक धेरै प्रकारका हुन्छन्। अहिले केकका सामग्रीका लागि धेरै विकल्प उपलब्ध छन्। कतिपय सामग्री साजसज्जाका लागि पनि प्रयोग गरिन्छन्। हामीकहाँ चाडपर्व, उत्सव, समारोहमा मिठाईको जे जस्तो महत्त्व छ; त्यस्तै पश्चिमतिर कुनै पनि विशेष समारोहमा मिठाईका रूपमा केकको प्रयोग गरिन थालिएको पाइन्छ। केक काट्ने र खाने प्रक्रियामा सामूहिक उत्सवको मूल्य समाहित हुन गएकाले त्यसलाई भावनात्मक रूपमा ग्रहण गर्न थालिएको छ।

**हाम्रो संस्कृति**

सभ्यता, संस्कृति र परम्पराहरूको भण्डार हो हिन्दु समाज। हिन्दु धर्ममा १६ अनुष्ठान (षोडश संस्कार) उल्लेख गरिएको छ, जसमा गर्भधारणदेखि अन्तिम संस्कारसम्म छन्। जसमा गर्भाधान, पुंसवन, नामकरण, चुडाकर्म, अन्नप्राशन, कर्णवेध, केशान्त, जातकर्म, निष्क्रमण, विद्यारम्भ, विवाह, वेदारम्भ, व्रतबन्ध, समावर्तन, सीमन्तोन्नयन, अन्त्येष्टि हुन्।

गर्भाधान संस्कार पहिलो संस्कार हो। माताले गर्भ धारण गर्नुअघि गरिने संस्कारलाई गर्भाधान संस्कार भनिन्छ। गर्भ रहनका लागि कुनै बाधा व्यवधान नहोस् भनेर यो संस्कार गरिन्छ।

पुंसवन संस्कार दोस्रो संस्कार हो। यो गर्भावस्थाको तेस्रो महिनामा गरिने एक अनुष्ठान हो। मूलतः गर्भस्थ शिशुको समुचित विकासका निमित्त पुंसवन संस्कार गरिन्छ। जातकर्म संस्कार शिशु जन्मिएपछि नाल काट्नुभन्दा पहिले नै गर्ने विधान हो। नवजात शिशुको आयु, आरोग्य, बल, बुद्धि प्राप्त होस् भन्ने कामनाका साथ यो संस्कार गरिन्छ। यतिबेला बच्चालाई मह र घिउ चटाउने पनि गरिन्छ।

शिशु जन्मेको ११औँ दिनमा नामकरण (न्वारन) संस्कार गर्ने गरिन्छ। परापूर्वकालदेखि शास्त्रमा बताइए अनुसार शिशु जन्मेको १०औँ दिनसम्मलाई वृद्धि सूतक मानिएको हुनाले ११औँ दिनमा यो संस्कार गर्ने चलन चलेको हुन सक्छ। कर्मकाण्डज्ञाता विद्वान्हरू शुभ नक्षत्र वा शुभ दिनमा यो संस्कार गर्नु उचित मान्छन्।

अन्नप्राशन संस्कार शिशु विकसित हुँदै जाँदा स्तनपानबाट प्राप्त हुने पौष्टिक आहार शिशुको शारीरिक र मानसिक विकासका लागि अपर्याप्त हुने हुँदा शिशु जन्मिएको ६ महिनामा अन्नप्राशन गराइन्छ। चुडाकर्ण संस्कारभन्दा अघि कर्णभेद संस्कार भनिन्छ। यसलाई प्रचलित शब्दमा कान छेड्ने पनि भनिन्छ। बालक वा बालिका दुवैको कर्णभेदन संस्कार गरिने प्रावधान रहेको पाइन्छ।

विद्यारम्भ संस्कार जब बालबालिकाको शिक्षा ग्रहण गर्न सक्ने क्षमता प्राप्त हुन्छ, तब यो संस्कार गराउने प्रचलन छ। पहिलोपल्ट बालकको केश मुण्डन गर्ने कार्यलाई चूडाकर्म भनिन्छ। यसको अर्को नाम क्षौर कर्म पनि हो।

व्रतबन्ध संस्कार बालकलाई गार्हस्थ्य ज्ञानबाट परिचित गराउन गरिन्छ। व्रत भन्नाले सङ्कल्प बुझिन्छ भने बन्ध भन्नाले बन्धन बुझिन्छ। व्रतबन्धको प्रतीक मानिने यज्ञोपवित ग्रहण गर्ने प्रक्रिया पनि हो यो।

समावर्तन संस्कार केशान्त संस्कारसँग मिल्ने एक संस्कार हो। यो संस्कार केशान्त संस्कारभन्दा पहिला गरिन्छ। यो संस्कारमा बालकलाई शिष्यका रूपमा संस्कार गरी वैदिक ज्ञान प्रदान गरिन्छ।

बालकलाई उपनयन संस्कार गरिसकेपछि ज्ञान आर्जनका निम्ति गुरुकुल पठाउनु वेदारम्भ संस्कार हो। गुरुकुलमा ब्रह्मचर्य व्रत पालन गर्ने र संयमित रहने प्रतिज्ञा गराइन्थ्यो। शिष्य सम्पूर्ण परीक्षामा सफल भएपछि नै वेदारम्भका लागि योग्य भएको पुष्टि गरिन्थ्यो।

केशान्त संस्कार जब शिष्य वेद, व्याकरण, तर्कशास्त्रमा निपूण भएपछि गुरुकुलबाट बिदाइ गर्दा यो संस्कार गरिन्छ। स्नान आदि द्वारा स्वच्छ गरी शुद्ध वस्त्र र केशको मुण्डनसँगै विद्यावारिधि प्रदान गरिन्छ।स्त्री र पुरुषका बिचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक वा सामाजिक कर्मलाई पाणिग्रहण (विवाह) संस्कार भनिन्छ।

गृहस्थ जीवनमा प्रवेश गरेपछिको तेस्रो कर्तव्यका रूपमा सीमन्तोन्नयन संस्कारलाई लिने गरेको छ। गार्हस्थ्य जीवनको प्रमुख उद्देश्य श्रेष्ठ सन्तानोत्पादन हो। दम्पतीले सौभाग्य प्राप्त गर्नु र श्रेष्ठ सन्तानोत्पादन गर्नु यस संस्कारको प्रमुख अभिप्राय हो। गर्भपात रोक्नुका साथसाथ गर्भस्थ शिशुको रक्षा गर्ने उद्देश्य पनि यस संस्कारमा निहित छ।

यस्तै मृत्युमा अन्त्येष्टि संस्कार गरिन्छ। मानिसको मृत्युपश्चात् गरिने संस्कार हो। यो पार्थिव शरीरको अन्तिम क्रिया हो, जसलाई सद्गति भनिन्छ। सनातन धर्ममा परमार्थको प्राप्तिका लागि सद्गति आवश्यक छ। अन्यथा अतृप्त अवस्था विद्यमान नै रहन्छ। यस प्रकार सनातनी जीवन संस्कार नै संस्कारले भरिएको छ। हरेक संस्कार स्वयंमा एक उत्सव हुन्।

कतिपय कारणले सांस्कृतिक मूल्य तथा स्वरूपमा परिवर्तनका साथै सांस्कृतिक क्षरण पनि देखापर्छ। सांस्कृतिक क्षरण तब हुन सक्छ, जब एक प्रभावशाली संस्कृति कुनै सानो वा कम शक्तिशाली संस्कृतिलाई प्रभावित गर्दछ। परिणामस्वरूप अद्वितीय सांस्कृतिक प्रथा, विश्वास र परम्परामा ह्रास आउन थाल्छ। अर्को कारण प्रविधिको विकास पनि हो, जसको नकारात्मक प्रभाव सांस्कृतिक प्रथा एवं परम्परामाथि पर्छ।

हाम्रा सोह्र संस्कारमा थुप्रै उत्सव छन्। हामीले जसरी जातकर्म र नामकरण संस्कार गर्छौँ, जन्मसँग जोडिएका यी विशेष उत्सव हुन्, हाम्रा यिनै संस्कारबाट पश्चिमले बर्थडे मनाउन सिक्यो कि ? हामीसँग संस्कार र संस्कृतिको कमी छैन। हामी हाम्रै सांस्कृतिक जीवनमा बाँच्दा पनि पुग्छ।

यद्यपि सांस्कृतिक आदान-प्रदान सांस्कृतिक प्रसारको एक माध्यम हो। सांस्कृतिक आदान-प्रदान विभिन्न रूपमा हुन सक्छ र विभिन्न देश र क्षेत्रहरूबिच हुन सक्छ। उदाहरणका लागि, १९५४-१९६० को अवधिमा सोभियत सङ्घ र भारतले सर्कस, नाट्य कला र नृत्य समूहहरूमा ध्यानकेन्द्रित गर्दै रचनात्मक टोली र व्यक्तिगत कलाकारहरूको आदान-प्रदानमार्फत सांस्कृतिक आदान-प्रदान गरेका थिए।

हामीले हाम्रो सांस्कृतिक क्षरणको अवस्थालाई रोक्नेतर्फ सोच्नुपर्छ। सांस्कृतिक क्षरणलाई रोक्ने अनेक तरिका हुन सक्छन्। यसका लागि शिक्षा र जागरूकता फैलाउन सकिन्छ। यस्तै, सांस्कृतिक प्रथा, परम्परा, लोककथा, गाथा, गीत, नृत्य आदि सांस्कृतिक निधिको दस्तावेजीकरण र संरक्षण गर्नेतिर हामी लाग्नुपर्छ।(लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दखल राख्छन्।)

# प्रतिपक्षले बहिष्कार गरेपछि कोशी प्रदेशसभाको सदन स्थगन




विराटनगर । कोशी प्रदेशसभाको पाँचौं अधिवेशनको १०औं बैठक प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले बहिष्कार गरेपछि स्थगन भएको छ।

कोशी प्रदेशसभा नियमावली, २०७४ को नियम १२५(४) बमोजिम आर्थिक वर्ष २०८१/८२ को आर्थिक विधेयक माथि सभामा छलफल हुने बैठकको कार्यसूची थियो।

निर्धारित समयभन्दा ढिलोगरी सुरु भएको सभामा सभामुख अम्बरबहादुर विष्टले बोल्न लाग्दा प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस र राप्रपाका सांसदहरु उभिएर विरोध जनाएपछि सभामुख विष्टले आफ्ना कुरा राख्न आग्रह गर्नुभएको थियो।

नेपाली कांग्रेसका गोपाल तामाङ र राप्रपाका सविना बजगाइँले सरकारले सदनमा ल्याएको नीति तथा कार्यक्रमअनुसार बजेट नआएको जिकिर गर्नुभयो । उहाँहरुले रातो किताबमा उल्लेखित बजेट र योजना हेर्दा मन कुँडिएको, यसबाट निर्वाचन ताका जनतालाई गरेको कबोल पूरा नहुने धारणा राख्दै बुधबारको सदन बहिष्कार गर्ने दलको निर्णय भएको सुनाउनुभएको थियो।

सदनमा सत्तापक्षबाहेक अरु कुनै पनि दलका प्रतिनिधि नहुँदा सभामुख विष्टले बुधबारै ३ बजेसम्मका लागि सदन स्थगित गर्नुभएको थियो। स्थगन भएको अवधिमा सत्तापक्ष र प्रतिपक्षबीच सदन चलाउने सहमति नभएपछि विहिबार बिहान ११ बजे बस्नेगरी सूचना जारी गरी सदन स्थगन गरेको प्रदेशसभा सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिनुभयो ।नेपाल कम्युनिष्ट पार्टी(एमाले) संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले सत्तापक्षले प्रतिपक्षसँग चित नबुझेको विषयमा वार्तामा खुलस्त ढङ्गले कुराकानी भएको र केही विषयमा सहमति हुन बाँकी रहेकाले बुधबारको सदन सञ्चालन हुन नसकेको प्रतिक्रिया दिनुभयो ।रासस

# ‘संस्कृतिबाटै राष्ट्रको समृद्धि सम्भव छ’

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले संस्कृतिबाटै राष्ट्रको समृद्धि सम्भव भएको बताउनुभएको छ। बुधबार काठमाडौंमा सांस्कृतिक संस्थानको ५२औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उहाँले समाजमा जागरणको सशक्त माध्यमका रूपमा रहेको संस्कृतिलाई पर्यटनसँग जोड्नसके समृद्धिमा योगदान पुग्ने बताउनुभयो।



मन्त्री तामाङले संस्कृतिका माध्यमबाट सामाजिक रूपान्तरणका लागि जागरण अभियान र रोजगारसहितको आर्थिक समृद्धिका लागि संस्थानको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। “नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक विशेषतायुक्त देश हो। यी सबैको संरक्षण गरी अगाडि बढ्नुपर्ने आवश्यकता छ। यसकार्यमा मन्त्रालयले आवश्यक कार्य गरिरहेको छ नै, त्यसमा संस्थानको भूमिका थप महत्वपूर्ण छ। सोहीअनुसार आफ्नो दायित्व निर्वाहका लागि आग्रह गर्दछु”, मन्त्री तामाङले भन्नुभयो।

उहाँले मन्त्रालयको संस्कृतिसम्बन्धी वकालत गर्ने प्रमुख निकाय सांस्कृतिक संस्थान भएकाले नेपाल र नेपालीको पहिचानसँग जोडिएका सांस्कृतिक सम्पदाको संरक्षणका लागि संस्थानले थप प्रभावकारी भूमिका खेल्न आवश्यक रहेकामा जोड दिनुभयो। विसं २०१८ सालमा राष्ट्रिय नाचघरका रूपमा स्थापित उक्त संस्था सञ्चार संस्थान ऐन, २०२८ अनुसार २०२९ साल असार ५ गते सांस्कृतिक संस्थानमा रूपान्तरण गरिएको थियो ।रासस

# विकासको गतिलाई तीव्रता दिनुपर्छ : पूर्वप्रधानमन्त्री भट्टराई



काठमाण्डु । पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले मुलुकको आर्थिक समृद्धिलाई तीव्रता प्रदान गर्न राजनीतिक नेतृत्वलाई सुझाव दिनुभएको छ।

राष्ट्रिय समाचार समिति (रासस)द्वारा गणतन्त्र दिवस-२०८१ का अवसरमा आयोजित ‘गणतन्त्रका उपलब्धि : समृद्धिका लागि पूर्वाधार’ शीर्षकको तस्बिर प्रदर्शनीको बुधबार अवलोकनपछि उहाँले जनआकाङ्क्षाअनुरुप मुलुकको चौतर्फी विकास र आर्थिक समृद्धिका लागि तीव्र गतिको बोध नेतृत्वले गर्नुपर्ने बताउनुभयो।

“मान्छेका आकाङ्क्षा धेरै हुन्छन् । चाहनाअनुरुप केही भइरहेको छ। तर हाम्रो गति चाहिँ तीव्र हुनुपर्छ। किनकी हामी विश्वका अन्य विकसित देशभन्दा झण्डै डेढ सय वर्षपछि छौं। त्यसलाई भेटाउन चाँडो दौडिनुपर्छ । राजनीतिले यसको नेतृत्व गर्ने भएकाले राजनीतिक नेतृत्वले यसको बोध गरोस् भन्ने सबैको चाहना हो”, उहाँले भन्नुभयो।

डा भट्टराईले गणतन्त्रबाट प्राप्त उपलब्धिबारे चर्चा गर्नुभयो । आर्थिक परिवर्तनका लागि पूर्वाधार निर्माण भइरहेको उल्लेख गर्दै उहाँले यस व्यवस्थामा केही हुँदै नभएको भन्ने गलत भाष्यलाई चिर्नुपर्ने बताउनुभयो ।“हामीले राजनीतिक परिवर्तनपछि अब आर्थिक परिवर्तनको युग सुरु भयो भनेका छौं। त्यसका लागि आधार भनेकै पूर्वाधार हो। केही भइरहेका छन्, केही भइसकेका छन्”, उहाँले भन्नुभयो, “नेपालमा केही भएको छैन, केही हुँदै भएन भन्ने गलत भाष्य चिर्न यो तस्बिर प्रदर्शनीले सकारात्मक योगदान गर्ने अपेक्षा छ।”

डा भट्टराईसँगै पूर्वमन्त्री एवं नेत्री हिसिला यमीले पनि उक्त तस्बिर प्रदर्शनी अवलोकन गर्नुभयो । यमीले भौतिक पूर्वाधारको निर्माणलाई स्थानीयको सहभागितासँग जोडेर उनीहरुको अपनत्व ग्रहण गराउनसक्नुपर्ने सुझाव दिनुभयो । पूर्वाधार निर्माण आर्थिक व्यवहारसँग जोड्न सक्नुपर्ने र त्यसका लागि राजनीतिक नेतृत्व जिम्मेवार हुनुपर्ने उहाँको भनाइ थियो।

“विकास मात्र गरेर पुग्दैन यसलाई अपनत्वसहित तल्लो तहसम्म व्यक्तिको जनजीवन र सीपसँग जोडनुपर्छ। निर्यातसँग पनि जोडनुपर्छ। सबै प्याकेजमा हुनुपर्छ”, यमीले भन्नुभयो ।पूर्वप्रधानमन्त्री भट्टराई र पूर्वमन्त्री यमीलाई राससका कार्यकारी अध्यक्ष धमेन्द्र झा र महाप्रबन्धक सिद्धराज राईले प्रदर्शनीमा राखिएका तस्बिरबारे अवगत गराउनुभएको थियो । गत जेठ १० गतेदेखि सुरु भएको प्रदर्शनी यही असार १० गतेसम्म सञ्चालन हुनेछ ।रासस

# संसदीय अभ्यासका विविध पक्षका बारेमा अध्ययन गर्दैछु : सांसद परियार

काठमाण्डु । म चार महिनाअघि विसं २०८० फागुनदेखि राष्ट्रिय सभाको सदस्यका रुपमा पहिलो पटक संसदीय अभ्यासमा प्रवेश गरेको हुँ । त्यसअघि संसदीय अभ्यास के कसो होला भन्ने कौतुहल भइरहन्थ्यो । सांसद बन्नुअघि हामीले जति बोले पनि सुनुवाइ हुँदैनथ्यो । अहिले राष्ट्रियसभाको सदस्यका रुपमा मुलुकको समृद्धिको पक्षमा, दलित तथा पछाडि परेका, अल्पसंख्यकका मुद्दाहरुमा आवाज उठाउन पाएको छु । सांसद भइसकेपछि हामीले नीति निर्माणमा सहभागी हुन पाउने भएकाले पनि आफ्ना मुद्दाहरु उठाउन र समावेश गराउन सहज हुने रहेछ।

संसदीय अभ्यासमा प्रवेश गरिसकेपछि चुनौती नहुने होइनन्। कतिपय चुनौतीहरुका बीच पनि मलाई रमाइलो लागिरहेको छ। सांसदको कार्यभार समालिसकेपछि मुलुकको ऐन कानुन निर्माण गर्ने स्थानमा पुगेको छु । यसले मलाई धेरै कुराहरु सिकाएको छ । अझै कतिपय कुराहरु सिक्न बाँकी छन् । राष्ट्रियसभामा म नयाँ भएर पनि होला संसदीय अभ्यास, प्रक्रिया, नीतिनियमका बारेमा बुझ्न केही समय लाग्यो । अझै कतिपय कुराहरु बुझ्न बाँकी छन् । नजानेका कुरामा अन्य सांसदसँग सोध्न मलाई कुनै अप्ठ्यारो लाग्दैन। संसदीय अभ्यासका बारेमा अहिले म पढाइका साथै धेरैभन्दा धेरै समाचार सुन्न, पढ्न लागेको छु।

संसदीय अभ्यासमा सबैभन्दा महत्वपूर्ण कुरा सम्पर्क विस्तार रहेछ । नयाँ भएकाले जनसम्पर्क स्थापना गर्न सञ्चार विस्तार गर्न धेरै समय खर्चिनु परिरहेको छ। अझै थुप्रैसँग राम्रो चिनजान र सम्पर्क, सम्बन्ध बनाइसकेको छैन। संसदीय अभ्यास बाहिर देखेको र सांसद नै भएपछिको भोगाइ फरक पाटो हुन्छ। जे हामीले बाहिरबाट देख्छौं, संसद्भित्र त्योभन्दा फरक पाएँ । फरक फरक राजनीतिक दलको प्रतिनिधित्व गर्ने सांसदहरुबीच कुराहरु नमिलेको झैं देखिन्छ। तर त्यस्तो हुँदो रहेनछ। राजनीतिक आस्था फरक भए पनि कतिपय कुराहरुमा एकैखालको सहमति हुने रहेछ । बाहिर निस्केपछि उही मिलाप हुन्छ । त्यसैले त भनिन्छ नि राजनीतिमा दुश्मन भन्ने हुँदैन भनेर।



सदन सञ्चालन भइरहँदा कहिलेकाहीँ विधेयकहरुमा दफाबार छलफल पनि हुने गर्छ। योसँगै अन्य प्रतिवेदन तथा देशको समसामयिक र राजनीतिक विषयवस्तुमा छलफल हुन्छ। छलफल हुने विषयवस्तुको बारेमा आफू जानकार हुन जरुरी छ । जानकारीसहित प्रस्तुति दिएमा उक्त विषयवस्तुमा राम्रो प्रतिक्रिया दिन सक्छौं । तसर्थ म संसद्भित्र जानुअघि छलफलका लागि निर्धारित विषयवस्तुबारे जानकारी लिने गर्छु । कतिपय कुराहरु आफैं पढ्छु । प्राविधिक विषयवस्तुका बारेमा ज्ञान भएका मानिस वा आफ्नो सम्पर्कमा भएकाहरुसँग परामर्श लिन सहज हुन्छ । कहिलेकाहीँ सम्पर्कमा नहुँदा विषयवस्तु बुझ्न गाह्रो पनि परिरहेको हुन्छ । यस्ता प्राविधिक विषयमा हुने कुनै पनि विधेयकको छलफलमा जाँदा कतिपय विषयवस्तु हामीलाई थाहा नै नहुने रहेछ। कहिलेकाहीँ त जे जति ज्ञान छ, त्यसैको आधारमा मात्रै संसद्मा प्रस्तुत हुनुपर्दा निकै गाह्रो अनुभव हुन्छ।

यससँगै म आबद्ध राजनीतिक दललाई पनि समय दिने गरेको छु। पार्टीको हितका लागि कसरी काम गर्ने ? पार्टीको मर्म र उद्देश्यअनुसार कसरी अगाडि बढ्ने भन्नेमा पनि ध्यान दिइरहेको हुन्छु। यति हुँदाहुँदै पनि चुनौती बढिरहेछ । समाज जस्तो छ नि त्यस्तै दृश्य पनि सिंहदरबारमा देखिए । कतिपय समयमा त धेरैले मलाई सांसद हो भनेर पनि पत्याउनुहुन्न । लोगो लगाएर नगए त कसैले सांसद भनेर पत्याउँदैनन् मलाई।

संसद्भित्र अलि पुराना र वरिष्ठ सांसदहरुले पनि अलि हेप्नु हुँदो रहेछ। यो कुरामा पहिला पहिला मलाई अलि असहज महसुस हुन्थ्यो, पछि विस्तारै बानी पर्दै जाने रहेछ। सांसद भनेपछि बुढो हुनुपर्छ, कपाल फुलेकै हुनुपर्छ भन्ने मानसिकताको अन्त्य हुँदै गएको छ । युवाले पनि मुलुकको निर्णयक तहमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् भन्ने कुरा धेरै युवा सांसदले प्रस्तुत गरिरहनुभएको छ। यस विषयमा उहाँहरुलाई हामीले सम्मानका साथ सम्झाउने काम गरिरहेका हुन्छौं । अहिले भने त्यस किसिमको महसुस भएको छैन । मैले पनि संसदीय अभ्यास बुझ्दै जान थालैं । संसद्मा प्रस्तुत हुने कुनै पनि विषयवस्तुमा आफ्नो धारणा राख्न पछि हटेको छैन।

केही गर्न भनेर नै सङ्घीय संसद सदस्यको रुपमा संसदीय अभ्यासमा प्रवेश गरेको छु । म अपाङ्ग र दलित समुदायको व्यक्ति पनि हुँ। तसर्थ अपाङ्ग र अल्पसङ्ख्यकको प्रतिनिधित्व गरेर सांसद्मा आएको हुँ । अपाङ्गमैत्री नीति प्रवर्द्धनका लागि सांसदको रुपमा आवाज उठाउने गरेको छु। अपाङ्ग र अल्पसङ्ख्यकका आवाजलाई संसद्मा पुऱ्याउने गरेको छु। अपाङ्ग र अल्पसङ्ख्यक समुदायले भोग्नुपरेका विविध समस्यालाई समाधान गर्न भूमिका खेल्नेछु । यी समुदायको आवाजको प्रतिनिधित्व हुने नीति निर्माणमा योगदान पुऱ्याउने छु।

नेपाली जनतामा परिवर्तन ल्याउने कुरामा, पार्टीमा युवालाई नेतृत्व तहमा कसरी ल्याउन सकिन्छ ? भनेर लागिपर्नेछु । यसैगरी संसद्मा सक्रिय र महत्वपूर्ण भूमिका निर्वाह गरी काम अगाडि बढाउने छु। जनताका समस्यालाई सरकारसँग जोड्न काम गर्नेछु । उहाँहरुको माग सम्बोधनका लागि राज्य र नीति निर्माण तहलाई झकझक्याउनेछु । जनतालाई सरकारसँग जोडिदिने काम पनि जनप्रतिनिधिहरुको हो । विकासको कुरामा स्थानीय, प्रदेश र केन्द्रीय सरकारलाई जोड्ने कुरामा पनि भूमिका खेल्नेछु । अल्पसङ्ख्यक, दलित समुदायका समस्याहरु नजिकबाट नियालेकाले ती समस्या समाधानका लागि सक्दो पहल गर्नेछु।

राष्ट्रियसभा सदस्य पदम परियार विसं २०३८ मा तनहुँको दलित परिवारमा जन्मिनुभएको हो। उहाँ पोलियोका कारण सहज रुपमा हिँड्डुल गर्न सक्नु हुदैन । राष्ट्रियसभा सदस्य निर्वाचित भएर उहाँ अहिले संसदीय अभ्यासमा हुनुहुन्छ। उहाँ अपाङ्ग अधिकारका क्षेत्रमा क्रियाशील रहँदै दलित तथा अल्पसंख्यक समुदायको पक्षमा आवाज उठाउँदै आउनुभएको छ। रासस


## राजर्षिजनक विश्वविद्यालय
जनकपुरधाम, धनुषा (नेपाल)

### घर जग्गा भाडामा लिने प्रस्ताव पत्र (सिलबन्दी दरभाउपत्र) सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०३/०६**

यस विश्वविद्यालयको स्वास्थ्य विज्ञान संकाय द्वारा संचालित विभिन्न विषयहरुको कक्षा संचालनका लागि जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत जिरोमाइल देखि मुजेलिया प्रहरीचौकीसम्म कम्तिमा २० कोठे, पार्किंग व्यवस्था भएको घर जग्गा भाँडामा लिनु पर्ने आवश्यकता भएकोले यो सूचना प्रकाशित भएको १५ दिन भित्र घर जग्गा भाँडा दिन इच्छुक घर जग्गा धनीले विश्वविद्यालयको राष्ट्रिय वाणिज्य बैंक पिडारी चौक शाखा, जनकपुरधाममा रहेको च.ही.नं. १५२०१००००२२८१००१ मा रु.२०००।-(अक्षेरुपी दुई हजार) मात्र फिर्ता नहुने रकम जम्मा गरी सोको सक्कल भौचर लिई विश्वविद्यालय प्रशासनबाट उपलब्ध हुने प्रस्तावपत्र (दरभाउपत्र) बुझी रितपूर्वक भरेर उक्त म्याद भित्र सिलबन्दी गरी बुझाउनु हुन सुचित गरिन्छ। म्याद भित्र प्राप्त नभएका र रितपूर्वक नपुगेका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। सिलबन्दी दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा मिति २०८१/०३/२१ गते अपरान्ह २:०० बजे कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। दरभाउपत्र स्वीकृति गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस विश्वविद्यालयमा निहित रहने छ। विशेष जानकारी कालागि यस विश्वविद्यालयको सामान्य प्रशासन शाखामा सम्पर्क राख्न अनुरोध छ।

**सम्पर्क:** ९८४०८९१२५९



Madhesh Provincial Government
Ministry of Health and Population
## Province Health Logistic Management Centre
Madhesh Province
Janakpur, Nepal

### Notice of Intention to Award

**Date of Notice: 20thJune, 2024 (6thAsadh, 2081)**

Pursuant to clause 27 (2) and 47 (3) of Public Procurement Act 2063, this is to notify all the bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on National News Paper PHLMC, Janakpur Madhesh province intends to award the contracts to the same.

| S. N. | IFB no | Name of Successful Bidder | Total Amount NPR (Inclusive of VAT) |
|---|---|---|---|
| 1 | Procurement, Delivery, Supply and Installation of DR-Xray Machine. (MP/PHLMC/NCB/GOODS-21.1/2080-81) | Medi Solution International Pvt.Ltd;Kathmandu | 1,43,20,490 |

**The Director**



## लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशय को सुचना

**सुचना प्रकाशित मिति – २०८१।०३।०६ गते**

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं मा उल्लेखित कार्यको लागि मिति २०८०/१२/२५ गते प्रकाशित बोलपत्र आव्हानको सुचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कन भई सारभुत रुपमा प्राभावग्राही देखि स्वीकृतीको लागि तपशिल बमोजिमको बोलपत्र छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) तथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता को नाम र ठेगाना | कबोल अंक (VAT र PS वाहेक) |
|---|---|---|---|---|
| १ | LAX/WORKS/ 03-2080/81 | Laxminiya Mai Saundaryakaran | M/S S.P./AASHREEYA J.V., Bhaktapur | ३,१०,९९,३७३।७४ |

**प्रमुख प्रशासकीय अधिकृत**

# उत्तर कोरियासँगको सन्धिले 'पारस्परिक सहयोग' प्रदान गर्छ- पुटिन

एएफपी

मस्को ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बुधबार पश्चिमलाई स्पष्टरूपमा चेतावनी दिँदै उत्तर कोरिया र रुसबीच हस्ताक्षरित नयाँ सन्धिको पक्ष मुलुकले आक्रामकताको सामना गरेको अवस्थामा 'पारस्परिक सहयोग' प्रदान गर्ने बताउनुभएको छ ।



उत्तर कोरियाले युक्रेनमा प्रयोगका लागि रुसलाई हतियार आपूर्ति गरेको आरोप लगाउने पश्चिमी मुलुकहरूसँग मस्कोले सम्बन्ध तोडेको छ । मस्कोको युक्रेन आक्रमणको दुई वर्षभन्दा बढी समयमा पुटिनले उत्तर कोरियाको भ्रमण गर्नुभएको छ । "आज हस्ताक्षरित व्यापक साझेदारी सन्धिले यस सन्धि पक्षहरूमध्ये कुनै एकविरुद्ध आक्रामकताको अवस्थामा पारस्परिक सहयोग प्रदान गर्दछ", पुटिनले भन्नुभयो, "यो अग्रणी दस्तावेज हो र यसले हाम्रो सम्बन्धलाई नयाँ उचाइमा पुर्याउने छ ।"

पुटिनले उत्तर कोरियासँग 'सैन्य-प्राविधिक सहयोग' लाई पनि अस्वीकार गर्नुभएन र युक्रेनमा मस्कोको काममा समर्थनका लागि उत्तर कोरियालाई धन्यवाद दिनुभयो । रुसी समाचार एजेन्सीहरूले किमलाई उद्धृत गर्दै सन्धि 'रक्षात्मक' भएको बताएका छन् । उहाँले उत्तर कोरियाको 'सबैभन्दा प्यारो मित्र' का रूपमा पुटिनको प्रशंसा गर्नुभयो । रुस अहिले उत्तर कोरियासँगै विश्वमा सबैभन्दा धेरै प्रतिबन्ध भएको मुलुकहरूमा सामेल भएको समयमा पुटिनको भ्रमण भएको छ । पुटिनले लामो समयदेखि मस्को र प्योङ्याङ पश्चिमी प्रतिबन्धहरूको 'दमन' को विरोध गर्न एकसाथ खडा हुने बताउनुभयो । "रुस र कोरियाको स्वतन्त्र विदेश नीति छ र उनीहरू ब्ल्याकमेल तथा तानाशाहीको भाषालाई सहन सक्तैनन्", उहाँले भन्नुभयो, "हामीले राजनीति, अर्थतन्त्र र अन्य क्षेत्रमा आफ्नो वर्चस्व कायम राख्ने उद्देश्यका साथ पश्चिमले प्रयोग गर्ने साधनका रूपमा दमनकारी प्रतिबन्ध अभ्यासको विरोधलाई निरन्तरता दिनेछौँ ।"

उहाँले विश्वमा सबैभन्दा दमनकारीमध्येको एक उत्तर कोरिया शासनमाथि संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धको पुनः जाँच हुनुपर्ने बताउनुभयो । "उत्तर कोरियाप्रति राष्ट्रसङ्घीय सुरक्षा परिषद्द्वारा अमेरिका र उसका सहयोगीहरूद्वारा प्रेरित अनिश्चितकालीन प्रतिबन्धात्मक शासनको समीक्षा गर्न आवश्यक छ", उहाँले भन्नुभयो । यसै वर्षको प्रारम्भमा उत्तर कोरियामाथि लगाइएको प्रतिबन्धहरूको आधिकारिक राष्ट्रसङ्घीय अनुगमनलाई प्रभावकारीरूपमा आफ्नो भिटो शक्तिको प्रयोग गरेपछि पुटिनको उक्त टिप्पणी आएको हो । उक्त कदम प्योङ्याङका लागि ठूलो जित थियो ।

> यसै वर्षको प्रारम्भमा उत्तर कोरियामाथि लगाइएको प्रतिबन्धहरुको आधिकारिक राष्ट्रसंघीय अनुगमनलाई प्रभावकारीरुपमा आफ्नो भिटो शक्तिको प्रयोग गरेपछि पुटिनको उक्त टिप्पणी आएको हो । उक्त कदम प्योङ्याङका लागि ठूलो जित थियो । यसैबीच राष्ट्रपति पुटिनले मस्को र प्योङ्याङले "अमेरिकी आधिपत्य" विरुद्ध लडिरहेको बताउनुभएको छ ।

यसैबीच राष्ट्रपति पुटिनले मस्को र प्योङ्याङले 'अमेरिकी आधिपत्य' विरुद्ध लडिरहेको बताउनुभएको छ । उत्तर कोरियाली नेता किम जोङ उनले दुई मुलुकबीचको साझेदारीले एसिया-प्रशान्त क्षेत्रमा 'शान्ति र स्थायित्व' लाई अगाडि बढाएको दाबी गर्नुभएको छ । पुटिन दुर्लभ राजकीय भ्रमणका क्रममा उत्तर कोरियामा हुनुहुन्थ्यो । त्यहाँ दुवै नेताले सैन्य, आर्थिक र राजनीतिक सम्बन्धलाई अझ गहिरो बनाउन 'व्यापक रणनीतिक साझेदारी' मा हस्ताक्षर गर्नुभयो ।

"आज हामी संयुक्त राज्य अमेरिका र उसका उपग्रहहरूको आधिपत्यवाद र नव-उपनिवेशवाद अभ्यासविरुद्ध एकसाथ लडिरहेका छौँ", पुटिनलाई उद्धृत गर्दै रुसी राज्य समाचार एजेन्सीहरूले भनेका छन् । किमले दुई मुलुकबीच हस्ताक्षरित सन्धिलाई भव्य, महान कार्यक्रम भन्दै सन्धिले इमान्दारीपूर्वक एक शताब्दीका लागि कोरियाली-रुसी सम्बन्धलाई प्रत्याभूति दिने बताउनुभयो ।"यसले क्षेत्रमा शान्ति र स्थिरता कायम राख्न पूर्णरूपमा योगदान दिनेछ र दुवै मुलुकको सुरक्षा स्थितिलाई अझ धेरै विश्वसनीय आधारमा स्थापित गर्नेछ", किमलाई उद्धृत गर्दै रुसी राज्य समाचार एजेन्सीहरूले भनेका छन् ।

मस्को र प्योङ्याङबीच बढ्दो गठबन्धनले दक्षिण कोरियाका साथै पश्चिम र युक्रेनमा चिन्ता उत्पन्न गरेको छ । अमेरिका र उसका सहयोगीहरूले उत्तर कोरियामाथि युक्रेनमा आक्रमण गर्नका लागि रुसलाई गोलाबारुद र क्षेप्यास्त्रहरू उपलब्ध गराएको आरोप लगाएका छन् । किएभले युद्धको मैदानमा उत्तर कोरियाली गोलाबारुदको टुक्रा फेला परेको सूचना दिएको छ । पुटिनले पछिल्लो पटक २४ वर्षअघि उत्तर कोरियाको भ्रमण गर्नुभएको थियो ।

# प्रदेशस्तरीय क्रिकेटमा कास्की र स्याङ्जा फाइनलमा भिड्ने




पोखरा । कास्की र स्याङ्जा कास्कीको पोखरामा जारी गण्डकी प्रदेशस्तरीय टी-२० पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा भिड्ने भएका छन् ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा बुधबार समूह 'बी' को अन्तिम खेलमा नवलपुरलाई दुई विकेटले पराजित गर्दै स्याङ्जा फाइनलमा पुगेको हो । समूह चरणका तीनवटै खेल जितेको स्याङ्जाले ६ अङ्कसहित समूहको शीर्ष स्थानमा रहेर कास्कीसँगको फाइनल भेट पक्का गर्न सफल भयो ।

घरेलु टोली कास्की समूह 'ए' को विजेता बन्दै यसअघिनै फाइनल पुगिसकेको छ । प्रतियोगिताको फाइनल खेल बिहीबार हुने आयोजकले जनाएको छ । स्याङ्जासँगको खेलमा टस जितेर सुरुआतमा ब्याटिङ रोजेको नवलपुरले १७ ओभरमा सीमित गरिएको खेलमा १५ दशमलव चार ओभरमा सबै विकेट गुमाएर ७५ रनमा समेटियो ।नवलपुरका लागि रिजन काफ्लेले ४५ बलमा ३० रन, कमल परियारले २२ बलमा १८ तथा सुदिप अर्यालले १२ रनको योगदान दिए । बलिङतर्फ स्याङजा 'प्लेयर अफ दी म्याच'समेत रहेका सन्दिप खत्री क्षेत्रीले दुई तथा अङ्कित न्यौपानेले दुई विकेट लिए ।

खेलमा ७६ रनको लक्ष्य पछ्याएको स्याङजालाई जितका लागि अन्तिम ओभर कुर्नुपर्‍यो । स्याङजाले १६ ओभरको दोस्रो बलमा आठ विकेटको क्षतिमा ७९ रन बनायो । स्याङजाका लागि अनिष ताम्राकारले १५ बलमा दुई चौका र दुई छक्का प्रहार गर्दै २२ रनको योगदान दिए । त्यस्तै इश्वर क्षेत्रीले २९ बलमा २१ तथा प्रदिप पाण्डेले अविजित ११ रन बनाए ।

बलिङतर्फ नवलपुरका लागि कमल परियारले चार ओभरमा एक मेडन राख्दै १२ रन खर्चेर तीन विकेट लिए । दीपक डुम्रेले तीन ओभरमा एक मेडनसहित ६ रन दिएर दुई विकेट लिए । गण्डकी प्रदेश खेलकुद परिषद्को आयोजना तथा प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा गत जेठ ३२ गतेदेखि उक्त प्रतियोगिता सञ्चालन भएको हो । प्रतियोगिताको विजेताले रु एक लाख र उपविजेताले रु ५० हजार पाउनेछन् । प्रतियोगितामा आठ जिल्लाको सहभागिता रहेको छ । प्रतियोगिताबाट कर्णाली प्रदेशमा हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक टोली छनोट गरिने प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए ।

**अपराजित रहँदै स्याङ्जा फाइनलमा**

पोखरामा जारी गण्डकी प्रदेशस्तरीय टी -२० पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा कास्की र स्याङ्जा भिड्ने भएका छन् ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा बुधबार समूह 'बी' को आफ्नो अन्तिम खेलमा नवलपुरलाई दुई विकेटले पराजित गर्दै स्याङ्जा फाइनलमा पुगेको हो । समूह चरणका तीन वटै खेल जितेको स्याङ्जा छ अङ्कसहित समूहको शीर्ष स्थानमा रहेर कास्कीसँगको फाइनल भेट पक्का गर्न सफल भयो । घरेलु टोली कास्की समूह 'ए' को विजेता बन्दै यसअघिनै फाइनल पुगिसकेको छ । प्रतियोगिताको फाइनल खेल भोलि बिहीबार हुने आयोजकले जनाएको छ । स्याङ्जासँगको खेलमा टस जितेर सुरुआतमा ब्याटिङ रोजेको नवलपुरले १७ ओभरमा सीमित गरिएको खेलमा १६ ओभरको चौथो बलमा 'अलआउट' हुँदै ७५ रन मात्रै बनाउन सक्यो । खेलमा नवलपुरका लागि रिजन काफ्लेले ४५ बलमा ३० रनको योगदान दिए भने कमल परियारले २२ बलमा १८ रन मात्रै जोड्न सके । यस्तै सुदिप अर्यालले १२ रनको योगदान दिए । स्याङजाका लागि 'प्लेयर अफ दी म्याच'समेत रहेका सन्दिप खत्री क्षेत्री र अङ्कित न्यौपानेले समान दुई/दुई विकेट लिए ।

खेलमा ७६ रनको लक्ष्य पछ्याएको स्याङजालाई जितका लागि अन्तिम ओभर कुर्नुपर्‍यो । स्याङजाले १६ ओभरको दोस्रो बलमा आठ विकेटको विकेटको क्षतिमा ७९ रन बनाउँदै लक्ष्य भेट्टायो । स्याङजाका लागि अनिष ताम्राकारले १५ बलमा दुई चौका र दुई छक्का प्रहार गर्दै २२ रनको योगदान दिए । त्यस्तै इश्वर क्षेत्रीले २९ बलमा २१ रन बनाए भने प्रदिप पाण्डे 'नट आउट' रहँदै ११ रन बनाए ।

नवलपुरका लागि कमल परियारले चार ओभर बलिङमा एक मेडन राख्दै १२ रन दिएर तीन विकेट लिन सफल भए । दीपक डुम्रेले तीन ओभरमा एक मेडनसहित छ रन दिएर दुई विकेट लिए ।प्रदेश खेलकुद परिषद्को आयोजना तथा प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा यही जेठ ३२ गतेदेखि प्रतियोगिता सञ्चालन भएको हो ।

प्रतियोगिताको विजेता टिमलाई नगद पुरस्कार रु एक लाख र उपविजेता टिमलाई नगद रु ५० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र पाउनेछन् । प्रतियोगितामा आठ जिल्लाको सहभागिता रहेको थियो । प्रतियोगिताबाट आसन्न दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक टोली छनोट गरिने प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो ।रासस

# अधिकारकर्मीको तत्काल रिहाइ गर्न चीनसँग अमेरिकाको माग

एएनआई

वासिङ्टन डिसी ।संयुक्त राज्य अमेरिकाले स्वतन्त्र पत्रकार र महिला अधिकारकर्मी हुवाङ जुएकिन (सोफिया हुवाङ) साथै श्रम अधिकारकर्मी वाङ जियानबिङलाई अन्यायपूर्ण सजायको दिइएको भन्दै उनीहरूको तुरुन्त रिहा गर्न बेइजिङसँग आग्रह गरेको छ ।



"हामी चीनलाई हुवाङ र वाङका साथै आफ्नो मौलिक स्वतन्त्रताको प्रयोग गरेको आरोपमा अन्यायपूर्ण रूपमा हिरासतमा राखिएका अन्य व्यक्तिलाई तुरुन्तै रिहा गर्न आग्रह गर्दछौं," अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यू मिलरद्वारा हस्ताक्षरित एक विज्ञप्तिमा भनिएको छ । चिनियाँ प्रशासनले लामो समयसम्मको अनुसन्धान र परक्षिणपछि हुवाङलाई पाँच वर्ष तथा वाङलाई तीन वर्ष र छ महिनाको जेल सजाय सुनाएको हो ।

यसबाहेक, अमेरिकी विदेश विभागले चीनलाई अभिव्यक्ति र निष्पक्ष परीक्षणजस्ता स्वतन्त्रतासहित मानव अधिकारको सम्मान गर्ने आफ्नो वाचा कायम राख्न आग्रह गरेको छ ।"हामी जन गणतन्त्र चीनलाई आफ्नो अन्तर ाष्ट्रिय प्रतिबद्धता पूरा गर्न र अभिव्यक्ति स्वतन्त्रता र निष्पक्ष परीक्षणको सुनिश्चिततासहित मानव अधिकारको सम्मान गर्न आह्वान गर्दछौं । साथै मानव अधिकार रेकर्डको विश्वव्यापी आवधिक समीक्षाको क्रममा यस वर्ष गरिएका धेरै सिफारिसहरू स्वीकार गर्न पनि आग्रह गर्दछौं," विज्ञप्तिमा भनिएको छ ।

हुवाङले चीनको मिटु आन्दोलनको समयमा यौन उत्पीडनको रिपोर्ट गर्न पीडितहरूका लागि एक सामाजिक सञ्चार प्लेटफर्म सिर्जना गर्नुभएको थियो । उहाँले विश्वविद्यालय र कार्यस्थलहरूमा यौन उत्पीडन चिन्ताको विषय भएको सर्वेक्षणहरू साझा गर्नुभएको 'द भ्वाइस अफ अमेरिका'ले जनाएको छ । सन् २०१९ मा हङकङमा भएको विरोध प्रदर्शनमा सहभागी भएको आरोपमा उहाँलाई पक्राउ गरिएको थियो ।

भ्वाइस अफ अमेरिकाका अनुसार, वाङ सन् २०१४ देखि श्रमिकहरूको अधिकार र अपाङ्गता भएका व्यक्तिहरूका लागि वकालत गर्दै आउनुभएको छ । अनलाइन समर्थन समूह फ्रि हुआङ जुएकिन र वाङ जियानबिङका अनुसार हुवाङले सजायविरुद्ध पुनरावेदन गर्ने योजना बनाउनुभएको छ ।

# नोम चोम्स्कीको मृत्युको खबर असत्य भएको पत्नी भालेरियाद्वारा पुष्टि

एएफपी

न्युयोर्क । नोम चोम्स्कीकी पत्नी भालेरिया वासरम्यान चोम्स्कीले मङ्गलबार आफ्ना पतिको मृत्यु भएको भन्ने समाचार असत्य भएको बताउनुभएको छ ।



साओ पाउलोस्थित 'बेनिफिसेन्सिया पोर्टुगुएसा अस्पताल'ले एक विज्ञप्ति जारी गर्दै चोम्स्कीलाई घरमै उपचार जारी राख्न मङ्गलबार डिस्चार्ज गरिएको जनाएको छ ।पञ्चानब्बे वर्षीय चोम्स्कीलाई ब्राजिलमा हृदयघातपछि अस्पताल भर्ना गरिएको थियो ।मङ्गलबार चोम्स्की 'एक्स' को सूचनाको ट्रेन्डिङमा हुनुहुन्थ्यो किनकि यसअघि सार्वजनिक भएको उहाँको मृत्युको रिपोर्टहरू गलत सावित भएका थिए ।

ज्याकोबिन र द न्यू स्टेट्सम्यानले चोम्स्कीका लागि मृत्युलेख प्रकाशित गरे तापनि चोम्स्कीले आफ्नो शीर्षक ' वी रिमेम्बर नोम चोम्स्की' बाट 'लेट्स सेलिब्रेट नोम चोम्स्की' मा परिवर्तन गर्नुभएको थियो । 'द न्यू स्टेट्सम्यान' ले ग्रीसका पूर्व अर्थमन्त्री यानिस भारोफाकिसको निबन्धलाई पूर्णरुपमा हटाएको छ । ब्राजिलियन समाचार साइट डियारियो डो सेन्ट्रो डो मुन्डोले पनि चोम्स्कीको मृत्युको घोषणा गरेको समाचार हटाएर उहाँको नयाँ समाचार प्रकाशन गरेको छ ।

अस्पतालमा उहाँको हृदयघातको उपचार भइरहेको चोम्स्कीकी पत्नीले गत साता इमेलमार्फत् एपीलाई बताउनुभएको थियो । चोम्स्की दम्पती सन् २०१५ देखि ब्राजिलमा बसोबास गर्दै आएका छन् । अमेरिकी विदेश नीतिको आलोचना गरेका नोम चोम्स्कीले म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीमा दशकौंसम्म प्राध्यापन गर्नुभएको थियो । सन् २०१७ मा उनी टक्सनस्थित एरिजोना विश्वविद्यालयको कलेज अफ सोसियल एन्ड बिहेभियरल साइन्समा भर्ना हुनुभएको थियो ।

# अन्तरजिल्ला हक्की प्रतियोगिता हुने

पोखरा। प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजना तथा गण्डकी प्रदेश हक्की संघको व्यवस्थापनमा शुक्रबारदेखि हुने अन्तरजिल्ला हक्की प्रतियोगिताको तयारी पूरा भएको छ ।भारतीय पेन्सन क्याम्पको मैदानमा हुने दोस्रो संस्करणको प्रतियोगितामा गण्डकी प्रदेशका ८ जिल्लाले सहभागिता जनाउने गण्डकी प्रदेश हक्की संघका अध्यक्ष दीपकबहादुर थापाले जानकारी दिए ।

प्रतियोगितामा मनाङ, मुस्ताङ र लमजुङबाट सहभागिता नरहेको थापाले जानकारी दिएका छन् ।प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई समेटेर १०औं राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेशको हक्की टिम बनाइने थापाले बताए ।अर्को वर्ष सुर्खेतमा १०औं राष्ट्रिय खेलकुद आयोजना हुँदैछ ।

प्रतियोगिताको विजेताले २० हजार, उपविजेताले १५ हजार र सहविजेताले १० हजार नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।प्रदेशका विभिन्न जिल्लामा शाखा गठन गर्ने अभियान सुरु गरेको संघका सचिव अजय केसीले जानकारी दिए ।पहिलो संस्करणको प्रतियोगितामा कास्की विजेता र तनहुँ उपविजेता बनेका थिए ।

# भारतमा बाढीमा परी मृत्यु हुनेको संख्या ३१ पुग्यो

सिन्ह्वा

नयाँदिल्ली । भारतको उत्तरपूर्वी राज्य आसाममा चलिरहेको बाढीमा परी मृत्यु हुनेको सङ्ख्या ३१ पुगेको अधिकारीले बुधबार बताएका छन् ।

प्रहरीका अनुसार मङ्गलबार राति आसामको मुख्य सहर गुवाहाटीबाट करिब २८१ किलोमिटर दक्षिणपूर्वमा रहेको करिमगञ्ज जिल्लाको बदरपुर क्षेत्रमा वर्षापछि आएको पहिरोमा परी एक नाबालकसहित पाँच जनाको मृत्यु भएको छ ।अधिकारीले पीडित महिला र उनका तीन छोरीको पहिचान गरिएको बताउनुभयो । भग्नावशेषबाट तीन वर्षीय बालकको शव पनि निकालिएको छ ।

असम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडिएमए) ले बाढीका कारण १५ जिल्लाका एक लाख ६१ हजार २०९ व्यक्ति प्रभावित भएको जनाएको छ ।सबैभन्दा बढी प्रभावित जिल्ला करिमगञ्जमा एक लाख ५२ हजार १३३ जना मानिस बाढीले प्रभावित भएका छन् । बाढीले प्रभावित जिल्लाहरूको एक हजार ३७८.६४ हेक्टर बाली उत्पादन क्षेत्रलाई पनि असर पारेको छ ।"हाल ४७० गाउँ पानीमा डुबेका एएसडिएमएले जनाएको छ ।

स्थानीय सरकारले प्रभावित क्षेत्रमा ४३ वटा राहत शिविर र वितरण केन्द्र खोलेको छ जसमध्ये अधिकांश करिमगञ्जमा स्थापना गरिएको छ ।अधिकारीले राहत शिविरमा पाँच हजार ११४ जनालाई शरण दिँदै राहत कार्य जारी रहेको बताए ।तटबन्ध, सडक र पुलहरू लगायत पूर्वाधारमा भएको क्षतिको परिमाणले प्रभावित जनसङ्ख्यालाई सहायता प्रदान गर्न कठिनाइहरू बढाएको उनीहरूले बताए । गत महिना पश्चिम बङ्गाल र बङ्गलादेशको तटमा आएको चक्रवात रेमलपछि भारी वर्षाले गर्दा आसाम र मणिपुर राज्यमा क्षति पुगेको छ ।

# थाइल्यान्डले समलिङ्गी विवाहलाई मान्यता दिने

एएनआई

बैंकक । थाइल्यान्डको सिनेटद्वारा विवाहसम्बन्धी समानता विधेयक पारित गरेपछि अब देश समलिङ्गी विवाहलाई मान्यता दिने दक्षिणपूर्वी एसियाको पहिलो राष्ट्र बन्ने अल जजिराले जनाएको छ ।

माथिल्लो सदनमा मङ्गलबार उपस्थित १५२ सदस्यमध्ये विधेयकको पक्षमा १३०, बिपक्षमा ४ र १८ अनुपस्थित भएसँगै विधेयक बहुमतका साथ पारित भएको हो । यो विधेयक अब औपचारिक स्वीकृतिका लागि राजा महा भाजिरालोङ्गकोर्नका समक्ष प्रस्तुत गरिनेछ र शाही राजपत्रमा प्रकाशित भएको १२० दिनपछि लागू हुने अल जजिराले बताएको छ ।ताइवान र नेपालपछि समलिङ्गी विवाहलाई अनुमति दिने कानुन लागू गर्ने थाइल्यान्ड तेस्रो एसियाली मुलुक हुनेछ ।



समलिङ्गी अधिकारकर्मीहरूले थाईल्याण्डको यस कार्यको उच्च प्रशंसा गरेका छन् । विधेयकले पुरुष, महिला, पति र पत्नीलाई लैङ्गिक-तटस्थ शब्दमा पुनः नामाकरण गरेको छ र विवाहलाई दुई व्यक्तिहरू बिचको साझेदारीको रूपमा परिभाषित गरेको छ । थाइल्यान्डमा लेस्बियन, समलिङ्गी, उभयलिङ्गी वा ट्रान्सजेन्डर समुदायको जनसंख्या बढ्दो क्रममा रहेपनि अधिकारकर्मीले वर्षौंदेखी परम्परागत विश्वासका विरुद्ध लडिरहेका थिए ।

"हामी इतिहास बनाउन पाउँदा निकै गर्व गर्छौं", समलिङ्गी विवाहसम्बन्धी संसदीय समितिका सदस्य प्लाइफाह क्योका सोडलादले भन्नुभयो । अल जजिराको रिपोर्टअनुसार विधेयक पारित भएपछि राष्ट्रिय सभामा केहीले यो समुदायको समर्थनमा इन्द्रेणी झण्डा फहराउँदै गरेको देखिएका थिए । मार्चमा ४१५ संसदहरुमध्ये केवल १० ले विधेयकविरुद्ध मतदान गरेपछि यो विधेयक तल्लो सदनबाट सर्वसम्मतले पारित भएको थियो ।

# 'एनएचपिसी'ले बुझायो पश्चिम सेती र सेती नदी–६ को मस्यौदा डिपिआर



काठमाण्डु । भारतीय कम्पनी एनएचपिसी लिमिटेडले पश्चिम सेती र सेती नदी-६ (एसआर-६) जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मस्यौदा लगानी बोर्डलाई बुझाएको छ।

एनएचपिसीले बुधबार डिपिआरको मस्यौदा बुझाएको लगानी बोर्डका सहसचिव बाबुराज अधिकारीले राससलाई जानकारी दिनुभयो। "परियोजनाको सर्वेक्षण अनुमतिपत्र पाएको कम्पनीले डिपिआरको मस्यौदा बुझाएको छ । यसमा लगानी बोर्डले आवश्यक अध्ययन प्रतिक्रिया (कमेन्ट) दिइसकेपछि त्यसलाई सम्बोधन गरेर अन्तिम डिपिआर तयार हुनेछ", सहसचिव अधिकारीले भन्नुभयो । अन्तिम डिपिआर तयार भएपछि परियोजना विकास सम्झौता (पिडिए) प्रक्रिया अघि बढ्नेछ।

सात सय ५० मेगावाट क्षमताको पश्चिम सेती र चार सय ५० मेगावाट क्षमताको एसआर-६ आयोजनाको विस्तृत परियोजना अध्ययनका लागि सर्वेक्षण अनुमतिपत्र जारी गर्न २०७९ भदौ २ गते लगानी बोर्ड र एनएचपीसी लिमिटेडबीच सम्झौतापत्रमा हस्ताक्षर भइ विसं २०७९ कात्तिकमा सर्वेक्षण अनुमतिपत्र जारी भएको थियो । सर्वेक्षण अनुमति पाएको दुई वर्षभित्र डिपिआर तयार गरी लगानी बोर्डको कार्यालयमा पेस गर्नेगरी उक्त सम्झौता भएको थियो ।त्यसअघि, २०७९ जेठ २३ गते बसेको लगानी बोर्डको ५१औं बैठकले यी दुई आयोजनाको विकास तथा लगानीको खाका तयार पार्ने जिम्मा भारतीय कम्पनी एनएचपिची लिमिटेडलाई दिने निर्णय गरेको थियो।

त्यस्तै २०७९ साउन २३ गते बसेको लगानी बोर्डको ५२ औं बैठकले सर्वेक्षण लाइसेन्स जारी गर्ने समझदारीपत्र अनुमोदन गरेको थियो।

परियोजनाको अन्तिम डिपिआरले समग्र सामाजिक, आर्थिक, भौगर्भिक, प्राविधिक एवं वातावरणीय पक्षबारे जानकारी दिनेछ । त्यस्तै परियोजनाको अनुमानित लागत, आयोजना निर्माण सुरु तथा सम्पन्न हुने समय र कार्ययोजना, बजार सुनिश्चितता, प्रसारणलाइन निर्माण, वित्तीय स्रोतको उपलब्धतालगायतका विषयमा पनि डिपिआरले मार्गदर्शन गर्नेछ।

डिपिआरको विश्लेषणपछि परियोजना अगाडि बढाउन चाहेमा पिडीए हुनेछ ।यसअघिको अध्ययनअनुसार सात सय ५० मेगावाट क्षमताको पश्चिम सेती आयोजनाको लागत एक हजार तीन सय २० मिलियन अमेरिकी डलर र चार सय ५० मेगावाट उत्पादन क्षमताको एसआर-६ आयोजनाको लागत आठ सय मिलियन अमेरिकी डलर बराबर अनुमान गरिएको थियो ।रासस

# समस्याग्रस्त तीन सहकारीको बचत फिर्ता

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले पहिलो चरणमा समस्याग्रस्त घोषणा भएका सहकारीका निक्षेपकर्ताको बचत फिर्ता गराउने अभियानलाई तीव्रता दिनुभएको छ।

सहकारी विभागको सिफारिसमा मन्त्रालयले समस्याग्रस्त घोषणा गरेका २० सहकारीमध्ये कुबेर बचत तथा ऋण सहकारी संस्था, चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड र स्ट्याण्डर्ड मल्टिप्रपोज सहकारी संस्थाको सम्पति व्यस्थापन तथा दायित्व भुक्तानीको काम सम्पन्न भएको मन्त्रालयले जनाएको छ।




समस्याग्रस्त सहकारी व्यस्थापन समितिका अध्यक्ष मोहन गौतमले मन्त्री अधिकारी र मन्त्रालयसँगको निरन्तर समन्वय र अग्रसरतामा समस्याग्रस्त घोषित तीन सहकारीको सम्पूर्ण बचत रकम फिर्ता गराउन सफल भएको जानकारी दिनुभयो। संस्थाका पीडित, बचतकर्ताका प्रतिनिधि, सञ्चालक तथा व्यवस्थापन समितिबिच विभिन्न मितिमा बचत फिर्तालगायत विषयमा छलफल भई समस्याग्रस्त १९ सहकारीमध्ये तीन सहकारीको समस्या पूर्णरुपमा समाधान गरिएको अध्यक्ष गौतमले बताउनुभयो।

मन्त्री अधिकारीले समस्याग्रस्त अन्य १७ वटा सहकारीको समस्या स्थायी समाधानका लागि पहल गरिरहेको बताउनुभयो। पहिलो चरणमा समस्याग्रस्त घोषणा भएका, दोस्रो चरणमा समस्याग्रस्तउन्मुख र तेस्रो चरणमा सहकारीमा देखिएको समस्याको स्थायी समाधानका लागि मन्त्रालयले काम गरिरहेको उहाँले बताउनुभयो। मन्त्री अधिकारीका अनुसार समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई अझ प्रभावकारी ढङ्गले परिचालन गरी बचत फिर्तालाई तदारुकताका साथ अघि बढाइएको छ।

सोही मन्त्रालयका सचिव गोकर्णमणि दवाडीले सहकारी ऐन, २०७४ ले परिकल्पना गरेका तर सोबमोजिम गठन हुन नसकेका संरचनाः कर्जा तथा बचत सुरक्षण कोष, कर्जा सूचना केन्द्र, दोस्रो तहको नियामक निकाय, कर्जा असुली न्यायाधीकरण स्थापना तथा गठनको प्रक्रियासमेत अघि बढेको जानकारी दिनुभयो ।रासस

# ललितपुर महानगरको नीति तथा कार्यक्रम : आयोजना र श्रम बैङ्क




पाटन । ललितपुर महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा आयोजना बैङ्क र श्रम बैङ्कलाई समेटेको छ।

महानगरप्रमुख चिरीबाबु महर्जनले प्रस्तुत गर्नुभएको आव २०८१/८२ को नीति तथा कार्यक्रममा महानगरपालिकाको 'आयोजना बैङ्क' को कार्य भइरहेकाले आगामी आवदेखि सो बैङ्कबाट आयोजना छनोट गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने परिपाटीको विकास गरिने उल्लेख गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रममा आगामी वर्षदेखि आवधिक योजनाबमोजिम मध्यमकालीन खर्च संरचना तयार गरी सोहीअनुसार वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाइने, बजेट तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न 'कार्यक्रम कार्यान्वयन कार्ययोजना' तथा 'खरिद योजना' अनिवार्य तवरले तर्जुमा गरिने, स्वीकृत योजनाको कार्यान्वयन तथा प्रगति सम्बन्धमा त्रैमासिक समीक्षा गर्ने व्यवस्था अनिवार्य तवरले गरिने नीति प्रस्ताव गरिएको छ।

महानगरपालिकाभित्र विगत लामो समयदेखि अधुरा रहेका प्राविधिक, सामाजिक तथा आर्थिक हिसाबले सम्भाव्य नरहेका योजनाको लगत कट्टा गरिनेछ । सोका लागि पेस्की/आयोजना फछ्र्यौट कार्यदल गठन गरिने र महानगर क्षेत्रभित्र विगत आव २०७४/७५ देखि २०७९/८० सम्म सम्झौता भई सञ्चालन भएका तर विविध कारणले सम्पन्न हुन नसकेका र प्रचलित कार्यविधिबमोजिम म्याद थप हुन नसक्ने आयोजनाको हकमा सम्बन्धित उपभोक्ता समितिबाट मूल्याङ्कन गरी फछ्र्यौटका लागि निवेदन पेस हुन आएमा उक्त आयोजना जेजस्तो अवस्थामा छ सोही अवस्थामा मूल्याङ्कन गरी फछ्र्यौट गरिने नीति महानगरले तय गरेको छ।

बढ्दो सवारी चापको व्यवस्थापन तथा पैदलयात्रीको सहजताका लागि ललितपुर चक्रपथ खण्ड र अन्य उपयुक्त स्थानमा आकाशे पुल निर्माणका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने र धुलोरहित सडक व्यवस्थापनका लागि नख्खु खोला तथा अन्य उपयुक्त स्थानमा टिपर पखाल्ने प्रविधि जडानको व्यवस्था मिलाइने विषयलाई नीति तथा कार्यक्रममा पनि समेटिएको छ।

महानगरको नीति तथा कार्यक्रममा टिपरलगायत मालवाहक सवारी साधनको आवागमन करिडोर (नख्खु, बागमती)बाट मात्र सञ्चालन गर्न सम्बन्धित निकायमा समन्वय गरिनेछ । ठैव, हरिसिद्धि, धापाखेललगायत आवासीय क्षेत्रबाट टिपर चलाउन नपाउने गरी समन्वय गरिने विषयलाई पनि कार्यक्रममा समेटिएको छ।

महानगर क्षेत्रभित्र रहेका शिल्पकला, काष्ठकला, धातुकला, प्रस्थरकलासँग सम्बन्धित श्रमिकको लगत 'श्रम बैङ्क'का रुपमा तयार गरी सम्पदा संरक्षणका आयोजनामा परिचालन गर्ने व्यवस्था मिलाइने र पुरातात्विक संरचना, देवालय, शिवालय, मठ, मन्दिर, विहारमा प्रयोग हुने काठ, ढुङ्गा, माटो एवं धातुबाट तयार गर्नुपर्ने विभिन्न कलात्मक वस्तुको प्रदर्शनी कक्ष स्थापना गरिने विषयलाई समेत नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।रासस

# बजेट वितरणमा सूचकको प्रयोग गदै भरतपुर महानगर

चितवन । भरतपुर महानगरपालिकाले सूचकका आधारमा वडा कार्यालयहरुलाई बजेट वितरण गर्ने भएको छ । आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा सो व्यवस्था कार्यान्वयन गर्न लागिएको हो । महानगरले पहिलो पटक राम्रो काम गर्ने वडालाई केही बढी बजेट बिनियोजन गर्ने नीति लिएको हो। महानगरपालिकाका आर्थिक प्रशासन महाशाखा प्रमुख जगन्नाथ अर्यालले सुत्रका आधारमा गरिएको मूल्याङ्कनका आधारमा बजेट विनियोजन गर्न लागिएको हो । महानगरले आगामी आर्थिक वर्षका लागि वडाको 'सिलिङ' रु ८२ करोड विनियोजन गरेको छ । यसमध्ये रु ७५ करोड २९ वटा वडालाई बराबर वितरण गरिने छ। यसबाट प्रत्येक वडाले रु दुई करोड ५८ लाख ६२ हजार न्यूनतम पाउनेछन् । बाँकी सात करोड सूचकका आधारमा वितरण गरिँदै छ।




उहाँका अनुसार राजस्व तुलनात्मकरुपमा बढी उठाउने, पुँजीगत खर्च बढी गर्ने, जनसङ्ख्या, भौगोलिकता, असल अभ्यास, असल काम, शिक्षा, वातावरण, हरियाली लगायतका शीर्षकमा एक सय नम्बर राखेर मूल्याङ्कन गरी वडा छनोट गरिएको हो । सुचकमा पहिलो वडा नं २ भएको छ । यस वडाले रु दुई करोड ९० लाख दुई हजार बजेट पाउने भएको छ। दोस्रोमा वडा नं ३ पर्न सफल भएको छ। यस वडाले रु दुई करोड ८९ लाख ५१ हजार बजेट पाउने भएको हो। त्यसैगरी तेस्रोमा वडा नं २० परेको छ । यस वडाले रु दुई करोड ८९ लाख ४५ हजार प्राप्त गर्ने भएको छ।

यस्तै सबै भन्दा कम बजेट पाउने वडा नं २४ रहेको छ। यस वडाले रु दुई करोड ७४ लाख २८ हजार पाउने भएको छ। चालु आर्थिक वर्षमा सबै वडाले रु दुई करोड ६५ लाखका दरले रकम पाएका थिए । पहिलो नम्बरमा परेको वडा नं २ का अध्यक्ष मनोज रानाभाटले महानगरपालिकाले तोकेका सूचकमा राम्रो अङ्क पाएर आफ्नो वडा उत्कृष्ट भएको जानकारी दिनुभयो।

उहाँका अनुसार गत आर्थिक वर्षकोभन्दा दोब्बर कर सङ्कलन भएको छ। गत वर्ष रु एक करोड पाँच लाख राजस्व सङ्कलन भएकोमा अहिले रु दुई करोड नाघेको छ। विद्यालयको एक सय मिटरभित्र सुर्तीजन्य पदार्थ पूर्ण निषेध गरिएको छ। सबै घरधुरीको तथ्याङ्क 'अनलाइन'मा अद्यावधिक गरिएको छ। वडाभित्र पूर्ण रुपमा 'स्मार्ट लाईट' जडान गरिएको छ। नमस्ते चोकदेखि मेयर चोकसम्म रात्रिकालीन बजारको तयारी गरिएको छ।

गमला राखेर वडालाई हरियाली बनाइएको छ। लागुऔषध नियन्त्रणका लागि टोलटोलमा समिति बनाएर रात्रिकालीन गस्ती गरिएको छ। वातावरण मैत्री तथा पूर्ण सरसफाइको वडा घोषणा गर्ने तयारी गरिएको छ। रानाभाटले मूल्याङ्कन गरेर पहिलो हुन पाएकोमा थप ऊर्जा पैदा भएको बताउनुभयो । वडा नं ३ का अध्यक्ष विकास थापाले आफूले गरेको कामको मूल्याङ्कन भएको बताउनुभयो । उहाँले भन्नुभयो, "वडाले महानगरले दिएको सूचकभित्र रहेर काम गरिरहेको छ।"

महानगर प्रमुख रेनु दाहालले सकारात्मक प्रतिस्पर्धा हुने गरी पहिलो पटक आफूहरुले सूचकको आधारमा वडालाई बजेट विनियोजन गर्न लागेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो "वडाहरुबीचमा सकारात्मक प्रतिस्पर्धा भएर विकास र आम नागरिकको हितमा बढीभन्दा बढी काम गर्न यसले ऊर्जा पैदा गर्दछ।"महानगरले चालु आर्थिक वर्षमा रु ६ अर्ब ३१ करोडको बजेट ल्याएको थियो । आगामी आर्थिक वर्षका लागि रु ६ अर्ब ६० करोड बढीको बजेट ल्याउने तयारी गरेको छ ।रासस


## लक्ष्मीनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### लक्ष्मीनियाँ बजार, धनुषा
### मधेश प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सुचना

**सुचना प्रकाशित मिति – २०८१।०३।०६ गते**

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं. मा उल्लेखित कार्यको लागि मिति २०८०/१२/२३ गते राष्ट्रिय दैनिक तथा e–bid मार्फत प्रकाशित बोलपत्र आव्हानको सुचना अनुसार रितपुर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा सफल भएका तपशिलका बोलपत्रदाताहरुको बोलपत्रको आर्थिक प्रस्ताव २०८१।०३।१३ गते १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) र (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली | कैफियत |
|---|---|---|---|---|
| १ | LAX/ WORKS/ 02-2080/81 | Construction of Bilat Sah Ma.Vi. | Ganapati Baba Nirman Sewa Pvt. Ltd., Dhulikhel –6, Kavrepalanchowk<br>Khan Builders & Suppliers Pvt. Ltd., Inaruwa-2, Sunsari<br>B.G. Construction, Kathmandu-35, Kathmandu<br>Draigon-Pawan Joint Venture, Janakpurdham-15, Dhanusha<br>DNS/SC J/V, Kathmandu<br>Sabitri Nirman Sewa, Janakpur-9, Dhanusha<br>Ricon-TN JV, Jorpati, Kathmandu | |

प्रमुख प्रशासकीय अधिकृत


## बङ्गुरपालनबाट मनग्य आम्दानी

दाङ।
घोराही उपमहानगरपालिका-१७ गैरागाउँका ठाकुरप्रसाद चौधरीको मुख्य पेसा बङ्गुरपालन हो। उहाँले यो व्यवसाय गरेको पनि १२ वर्ष भइसक्यो। स्वदेशमै बसेर केही गर्नुपर्छ भन्ने सोचका साथ कृषि पेसामा बङ्गुरपालन रोजेको उहाँ बताउनुहुन्छ। उमेरले ३५ वर्ष पुग्नुभएका ठाकुरले रमन बङ्गुर तथा कृषि फर्ममार्फत व्यवसाय गर्दै आउनुभएको छ।

रोजगारीका लागि ठूलो लगानीमा विदेश गएर अर्काको देशमा पसिना बगाउनुभन्दा स्वदेशमै आत्मनिर्भर बन्नका लागि व्यवसाय गर्दै आएको र आम्दानी पनि राम्रो हुँदै गएको उहाँले बताउनुभयो। रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट
## नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस सन्तपुर दो. वडा न.९ हाल फतुवा विजयपुर न.पा.वडा न. ९ मा बस्ने जंगीलाल बैठा धोबी र मोहन बैठा समेतले बुवाको काका बाजे नाता पर्ने नथुनी धोबीको नाममा दर्ता रहेको तपसिलको जग्गाको नामसारी माग गरेकोमा निज जग्गाधनी नथुनी धोबीको निसन्तान मिति २०४०।०१।१० गते आफनै कालगतिले प्रलोक भएकोले निजको मुत्यूपछि शेष खाने मरुवा नथुनी बैठा धोबीको दाजुको छोरा/नाती जंगीलाल बैठा धोबी र मोहन बैठाको नाममा नामसारी गरी दिनुहुन भनि फतुवा बिजयपुर वडा न. ६ को च.न.१०३२ मिति २०८१।०२।०८ गतेको सिफारिसबाट देखिएकोले नामसारीको हकदावीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम एकलौटी नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | सन्तपुर दो. | ३ख | १८ | ०-३-० | नथुनी धोबी पेटभर्वा |



नेपाल सरकार
गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय धनुषा
## जग्गा अधिग्रहण गर्न सम्बन्धि सार्वजानिक सूचना

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।०७।२३ गतेको निर्णय अनुसार सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण हे.क्वा. धनुषा मातहत रहेको सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म जटही धनुषाको लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम जग्गा प्राप्ति गर्न स्विकृत भएको हुँदा उक्त जग्गा रहेको स्थानको ठेगाना फरक पर्न गएकोले नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८१।०२।२४ गतेको निर्णय अनुसार संसोधन भई स्वीकृत प्राप्त भएकोले जग्गा खरिद गर्न तपसिलमा उल्लेखित जग्गा स्थायी रुपमा अधिग्रहण गर्न जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ र १० को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सरोकारवाला ब्यक्तिहरुले मुआब्जा प्रयोजनको लागि आफ्नो हकदैया वा भोगचलन सम्बन्धी सवुत निसा तथा प्रमाण सहित रु. १०।- को टिकट टाँसी रितपूर्वक निवेदन सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण हे.क्वा. धनुषा वा जिल्ला प्रशासन कार्यालय धनुषामा दिन हुन र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कारण भए उक्त ऐनको दफा ११ को उपदफा १ बमोजिम उजुर गर्न हुन र तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानुन बमोजिम हुने ब्यहोरा समेत सम्बन्धितलाई यसै सूचना द्वारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र. सं. | स्थान | जग्गाधनिको नाम | बावु/पतिको नाम | बाजे/ससुराको नाम | कित्ता नं. | हालको क्षेत्रफल | | | | अधिग्रहण गरिने जग्गाको क्षेत्रफल | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बिघा | कठ्ठा | धुर | कन्मा | बिघा | कठ्ठा | धुर | कन्मा | |
| १. | जिल्ला धनुषा साबिक बहेडा बेला गा.बि.स. वडा नं.९ ख हाल मुखियापट्टी मुसहरनिया गा.पा. वडा नं ६ धनुषा। | राम निवास यादव | गणोशी यादव | उदिम यादव | २३३ | ० | २ | १० | ० | ० | २ | १० | ० | कित्ता नं. २३३, २३२, ४०७ को उत्तरतर्फ १५५ फिट पुर्वतर्फ २०९ फिट, पश्चिमतर्फ २१० फिट र दक्षिण तर्फ ५१ फिट रहेको छ। |
| २. | जिल्ला धनुषा साबिक बहेडा बेला गा.बि.स.वडा नं.९ ख हाल मुखियापट्टी मुसहरनिया गा.पा. वडा नं ६ धनुषा। | दुलारी देवी यादव | राम कुमार यादव | उदिम यादव | २३२ | ० | २ | १० | ० | ० | २ | १० | ० | |
| ३. | जिल्ला धनुषा साबिक बहेडा बेला गा.बि.स.वडा नं. ९ ख हाल मुखियापट्टी मुसहरनिया गा.पा. वडा नं ६ धनुषा। | राज नारायण पाठक | रमाकान्त पाठक | मनमोहन पाठक | ४०७ | ० | ० | १३ | ३ | ० | ० | १३ | ३ | |

# बजेट जनमुखी रहेको अर्थमन्त्री साहको दाबी



टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका अर्थमन्त्री भरतप्रसाद साहले समग्रमा बजेट जनमुखी रहेको दाबी गरेका छन् ।

जनकपुरधाममा बुधबार अर्थ मन्त्रालयद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै अर्थमन्त्री साहले हतारहतारमा ल्याइएको बजेटमा न्यून त्रुटि देखिए पनि बजेट जनमुखी भएको दाबी गरे ।

उनले बजेटमा हरेक क्षेत्र र व्यवसायीलाई राहत मिल्ने गरी विभिन्न शीर्षक अनुरुप बजेट मैत्रीपूर्ण ल्याउने प्रयास गरेको बताए ।

न्यून समयमा बजेट तयारी गर्नुपर्दा सानासाना त्रुटिहरु देखिएपछि सो सच्याउनका लागि पत्रकार सम्मेलन गरेको भन्दै अर्थमन्त्री साहले भने, 'बजेट कम समयमा ल्याउनु पर्दा हतारहतारमा ल्याइएपछि सानासाना कुराहरु त्रुटि भएकोले आजको पत्रकार सम्मेलनबाट सो त्रुटिहरु सच्याउने काम भएको छ ।'

उनले न्यून बजेटका विकास निर्माणका कामहरु स्थानीय तहलाई अनुदानमा दिइने बताउँदै सरोकारवाला मन्त्रालय आफैले सो बजेटहरु खर्च नगर्नेसमेत प्रस्ट गरे ।

बेटी बचाउ, बेटी बचाउ अभियानको सवालमा उनले सो कार्यक्रम सकारात्मक रहे पनि यसलाई थप व्यवस्थित र पारदर्शी गर्नुपर्ने देखिएपछि तत्कालका लागि सो कार्यक्रमलाई स्थगित गर्दै बजेट रोकेको अर्थमन्त्री साहले भने ।

यता संसदीय विकास कार्यक्रमका लागि छुट्याइएको बजेट अदालतमा विचाराधीन रहेको अवस्थामा मधेश प्रदेश सरकारले सांसदहरुको सिफारिसमा संसदीय विकास कोषको रकम विनियोजन गरेको छ । सो बजेट अदालतले तत्काल कार्यान्वयनमा रोक लगाएको छ ।

तर सो बजेट सवालमा अर्थमन्त्री साहले संसदीय विकास कोष नभई जनताको सिफारिसमा संसदले प्रयोग गर्ने गरी सो बजेट विनियोजन गरिएको जिकिर गरे ।

# यादव, खनाल र चौधरीको मुद्दा खारेज

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले निर्वाचनको मुद्दा हारेका छन् । उनको रिट खारेज भएसँगै उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले वैधानिकता पाएका छन् ।

२०७९ मंसिरमा भएको प्रतिनिधि सभाको निर्वाचन सम्बन्धी मुद्दा १८ महिनापछि सर्वोच्च अदालतले महामन्त्री यादवको विपक्षमा फैसला सुनाएको छ ।

यादवले पुनः मतगणनाको माग गर्दै रिट दायर गरेका थिए । उनी धनुषाबाट नेकपा एमालेका सचिव महासेठसंग पराजित भएका थिए ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा महासेठले यादवलाई १ सय २४ मतको अन्तरले पराजित गरेका थिए । महासेठले ३२ हजार २ सय ३६ मत ल्याउँदा यादवले ३२ हजार १ सय १२ मत प्राप्त गरेका थिए ।

मतगणनाको क्रममा धाँधली भएको भन्दै यादवले ०७९ मंसिर २८ मा सर्वोच्चमा रिट दायर गरेका थिए । सो रिटमा कारण देखाऊ आदेश गर्दै उनीहरूलाई अदालत झिकाएको थियो । सर्वोच्चले बुधबार दुवै पक्षको कुरा सुनेपछि रिट खारेज हुने फैसला सुनाएको छ ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना र मनोजकुमार शर्माको इजलासले सो मुद्दा खारेजको फैसला सुनाएको छ । निर्वाचन सम्बन्धी विवाद संवैधानिक इजलासले टुंगो लगाउने संवैधानिक व्यवस्था भएकाले सो विवाद सिधै संवैधानिक इजलासमा पेशी चढ्ने गरी दर्ता भएको थियो ।

निर्वाचन सम्बन्धी १७ थान निवेदनलाई एकै पटक पेशी तोकिएको भए पनि बुधबार तीन थानमा मात्र फैसला भएको छ ।

यसअघि एकीकृत समाजवादीका नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले पनि मुद्दा हारेका छन् । उनको रिट पनि खारेज हुने फैसला संवैधानिक इजलासले गरेको थियो ।

यस्तै सुरेन्द्र चौधरीको रिट पनि संवैधानिक इजलासले खारेज गरिदिएको छ । पर्सा निर्वाचन क्षेत्र नम्बर ३ मा नेकपा एमालेका राजकुमार गुप्तासँग चौधरी पराजित भएका थिए ।

चौधरीलाई १५१ मतको झिनो अन्तरले पराजित गर्दै गुप्ता निर्वाचित भएका थिए । चौधरी पुनः मतगणनाको माग लिएर सर्वोच्च पुगेका थिए । बुधबार पेसी चढेकामध्ये निर्वाचनसम्बन्धी अन्य मुद्दामा भने सुनुवाइ भएनन् ।

# बजेट र योजना चिया पसलमा बिक्री हुने क्रम रोकिन्छः मुख्यमन्त्री सिंह

टुडे समाचारदाता



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बजेट र योजना चिया पसलमा बिक्री हुने क्रम रोकिने बताएका छन् ।

महोत्तरीको मटिहानी नगरपालिकाको १३ औं नगर सभाको उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले प्रदेश सरकारको बजेट र योजना चिया पसलमा बिक्री हुने क्रम जनमत नेतृत्वको सरकारले रोक्न सफल भएको दाबी गरे ।

मुख्यमन्त्री यादवले भने, ' अन्न निर्यात गर्नुपर्ने प्रदेशमा अहिले हरेक अन्न आयात गर्नुपर्ने स्थिति आएको छ,' उनले भने, 'संघीयता मधेशलाई चाहिएको छ। मधेशलाई कृषि आवश्यक छ ।' उनले मधेशको कृषि उत्पादनको अवस्था सन्तोषजनक नरहेको बताए ।

संघीयताको भविष्य मधेश प्रदेशको नीति कार्यक्रम र बजेटले बलियो बनाउने प्रयास गरेको उनले बताए ।

'मधेशको विकासका लागि ठूलो प्लटमा खेती आवश्यक छ,' उनले भने, 'व्यवसायिक कृषि खेती गर्ने स्थानीय तहसंग प्रदेश सरकार समन्वय गर्न तयार छ ।'

तीन तहको सरकारले एकै खालको योजना ल्याउने परम्परा रोक्न प्रदेश सरकार अग्रसर भएको उनको भनाइ थियो ।

# सामुदायिक विद्यालयको लाइन काटियो

टुडे समाचारदाता

जनकपुरधाम। विद्युत महसुल बक्यौता राखेका सामुदायिक विद्यालयको लाइन काटिएपछि पठनपाठन नै प्रभावित भएको छ ।

नेपाल विद्युत प्राधिकरण चन्द्रपुर वितरण केन्द्रअन्तर्गत मावि जंगलसहिया र वृन्दावन नगरपालिकामा रहेको बतहु मावि हर्षाहालगायत आधारभूत तहसमेतका २७ वटा सामुदायिक विद्यालयमा विद्युत प्रसारण बन्द गरेको छ । सो विद्यालयमा विद्युत नहुँदा बढेको गर्मीले




चन्द्रपुर, गुजरा र वृन्दावन नगरपालिकाका २७ वटा सामुदायिक विद्यालयको लाइन काटिएपछि सो विद्यालयका पठनपाठन तथा प्रशासनिक कार्यसमेत प्रभावित भएको छ ।

वितरण केन्द्रले चन्द्रपुर नगरपालिकामा रहेको दुर्गा माध्यमिक विद्यालय ठाडाटोल, मावि रैयाटोल, कृष्ण मावि बालचनपुर, गुजरा नगरपालिकामा रहेको कंकाली पठनपाठन प्रभावित हुनुकासाथै नेट र इन्टरनेट समेत अवरुद्ध भई प्रशासनिक कार्य समेत प्रभावित भएको छ ।

वितरण केन्द्र चन्द्रपुर शाखा प्रमुख धीरेन्द्र यादवले विद्युत प्रसारण लाइन काटिएका सो विद्यालयमा १० लाख रुपैयाँभन्दा बढी महसुल बक्यौता रहेको बताए । उनले बक्यौता रकम तिर्न पटक/पटक पत्राचार गर्दा पनि कुनै सम्पर्क नभएपछि बाध्य भएर लाइन काट्नु परेको बताए ।

लाइन काटिएपछि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले सो रकमको जोहो गर्न वडा तथा नगरपालिकाको कार्यालय धाउन थालेका छन् । आम्दानीको स्रोत भएका दुर्गा मावि ठाडाटोल, कंकाली मावि जंगलसहिया, अम्बिका निमावि चन्द्रपुर, कृष्ण मावि बालचनपुर र हातेमालो प्राविले भने बुधबार बक्यौता महसुल भुक्तानी गरेका छन् ।

लाइन काटिएका विद्यालयका विद्यार्थी बिना वत्ती अध्ययन गर्न बाध्य छन् । ४० डिग्री तापक्रम भएको बेला विद्यालयको लाइन काटिदा जस्तापाताले छाएको छानामुनि बसेर अध्ययन अध्यापन गराउँदा शिक्षण सिकाई प्रभावकारी हुन नसकेको र प्रशासनिक कार्य समेत अवरुद्ध भएको कारण पैसाको जोहो गरी बक्यौता रकम तिरेको कृष्ण मावि बालचनपुरका प्रधानाध्यापक हेमन चौधरीले बताए ।

# स्वस्थ्यताका लागि योग महत्वपूर्णः प्रदेश प्रमुख भण्डारी

टुडे समाचारदाता




जनकपुरधाम । मधेश प्रदेशकी प्रदेश प्रमुख सुमित्र सुवेदी भण्डारीले मानव जीवनलाई मानसिक तथा शारीरिक रुपमा स्वस्थ बनाउनका लागि योग तथा प्राकृतिक चिकित्साको महत्वपूर्ण भूमिका रहेको बताएकी छन् ।

प्रदेश प्रमुख भण्डारीले १०औं अन्तर्राष्ट्रिय योग दिवसको अवसर पारेर जनकपुरधाममा भएको योग शिविरमा बोल्दै उनले स्वस्थ्यका लागि योग महत्वपूर्ण रहेको बताइन् ।

वीरगञ्ज स्थित भारतीय वाणिज्य दूतावासले आयोजना गरेको सो कार्यक्रममा उनले नेपालको हिमालय क्षेत्रमा वैदिक कालदेखि नै ऋषिमुनिहरुले योग गरेको उल्लेख गर्दै योग तथा प्राकृतिक चिकित्साको अध्ययन अध्यापन नेपाल संस्कृत विश्व विद्यालयको वाल्मीकि विद्यापीठमा अहिले पनि हुने गरेको बताइन् ।

प्रदेश प्रमुख भण्डारीले योगलाई आयुर्वेदसँग जोडेर विकास गर्नका लागि नै नरदेवी आयुर्वेद कलेजले निक्कै पहिलादेखि अध्ययन अध्यापन गर्दै आएको बताउँदै नेपाल सरकारले माघ १ गतेलाई राष्ट्रिय योग दिवसको रुपमा मनाउँदै आएको बताइन् ।

उनले सबै प्रकारको रोगबाट लड्न तथा निरोगी बन्नका लागि नियमित रुपमा योगाभ्यास गर्नका लागि सुझाव दिँदै अहिले विश्व जगत नै योगप्रति आकर्षित हुन थालेकोमा खुशी व्यक्त गरिन् ।

मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहले युवा वर्गलाई गलत मार्गबाट जोगाउनका लागि योग तथा ध्यान तर्फ आकर्षित गर्न जरुरी रहेको बताउँदै योगको अभ्यास नियमित रुपमा घर घरमा हुनु पर्ने धारणा राखे ।

उनले युवासहित सबै वर्गका व्यक्तिहरू स्वस्थ्य भएको खण्डमा मात्र राष्ट्र स्वस्थ्य भएर समृद्धिको मार्गमा जाने भएकाले मानव जीवन सफल बनाउनामा योग तथा प्राकृतिक चिकित्साको निक्कै ठूलो महत्व भएको बताए ।

भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत बेबी सहाय मिनाले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त राष्ट्रसङ्घको महासभामा २१ जूनलाई अन्तर ष्ट्रिय योग दिवसको रुपमा मनाउका लागि प्रस्ताव गरेपछि नेपालसहित १ सय ७२ राष्ट्रले समर्थन गरेपछि प्रत्येक वर्ष विभिन्न कार्यक्रमसहित विश्वभर नै योग दिवस मनाउन थालिएको बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले मानव जीवनलाई मानसिक तथा शारीरिक रुपमा स्वस्थ्य राख्नका लागि नियमित रुपमा योग गर्न आवश्यक भएको बताए ।

# मामाको छोराद्वारा फुपूको छोरा मारिए

टुडे समाचारदाता

सिरहा । सिरहामा मामाको छोराले चिरपट प्रहार गर्दा फुपूको छोराको मृत्यु भएको छ । गोलबजार नगरपालिका- १० स्थित धर्मपुरका २८ वर्षीय फेकु भन्ने संजय सदाले फुपूको छोरा ४० वर्षीय गेनी सदाय माथि सामान्य विवादमा चिरपट प्रहार गर्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

खाना खाने क्रममा विवाद हुँदा संजयको चिर्पट प्रहारबाट गम्भीर घाइते भएका दाइ गेनीको उपचारको क्रममा बुधबार मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक सुनिल कार्कीले जानकारी दिए ।

सामान्य विवादबाट सुरु भएको झगडा मदिरा पीएर मातेर चिर्पट प्रहार गरेर सख्त घाइते भएका गेनीको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले पुष्टि गरेको छ । सो घटनामा संलग्न संजयलाई सिरहा प्रहरीले नियन्त्रणमा लिएको छ ।

अचेत अवस्थामा रहेका गेनीलाई उपचारको लागि गोलबजारस्थित अस्पतालमा ल्याइए पनि उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# पर्सामा चार सय सीमास्तम्भ मर्मत



टुडे समाचारदाता

वीरगञ्ज । पर्सामा सशस्त्र प्रहरीले साना तथा ठूला सीमास्तम्भ रंगरोगन तथा मर्मतसम्भार गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गणले सानाठूला गरेर चार सय सीमास्तम्भ रंगरोगन तथा मर्मतसम्भार गरेको छ ।

सशस्त्र प्रहरी बलले मुख्य, सहायक र साना गरी चार सय ८९ वटा सीमास्तम्भमध्ये तीन सय ९९ वटा रंगरोगन तथा मर्मतसम्भार गरेको छ ।

तेह्र नम्बर गणका गणपति राधेश्याम धिमालले नापी कार्यालयलगायत सम्बन्धित सरकारी निकायसंगको समन्वयमा सीमास्तम्भ रंगरोगन तथा मर्मतसम्भारको काम जारी रहेको बताए ।

'पर्सामा २१ वटा मुख्य सीमास्तम्भ रंगरोगन तथा मर्मतसम्भार गर्नुपर्नेमा हालसम्म १९ वटाको काम भइसकेको छ", उनले भने, "बाँकी दुई सीमास्तम्भको पनि आवश्यक कानुनी प्रक्रिया पूरा गरेर अघि बढाउनेछौं ।" प्रहरी बलले १३ वटा सहायक सीमास्तम्भको रंगरोगन तथा मर्मतसम्भार गर्नुपर्नेमा हालसम्म १२ वटाको काम पूरा भएको छ ।

त्यस्तै चार सय ५५ वटा साना सीमास्तम्भको रंगरोगन र मर्मतसम्भार गर्नुपर्नेमा हालसम्म तीन सय ६८ वटाको मर्मतसम्भार भइसकेको छ भने ८७ वटाको मात्रै रंगरोगन र मर्मतसम्भार गर्न बाँकी छ । पर्सामा मुख्य, सहायक र साना गरी कुल ९० वटा सीमास्तम्भ मर्मतसम्भार गर्न बाँकी छ ।

# नागरिकता नहुँदा हरवाचरवा अवसरबाट वञ्चित

टुडे समाचारदाता

राजविराज । सप्तरीमा हरवाचरवालाई नागरिकता नभएका कारण विभिन्न अवसरबाट वञ्चित हुनु परेका छन् ।

रुपनी गाउँपालिका-१ रायपुरका ६२ वर्षीया चुनरदेवी सदा हालसम्म नागरिकताबाट वञ्चित हुँदा स्थानीय जनप्रतिनिधि र कर्मचारीलाई गुहार्दै आएकी छन् । सदाका श्रीमान रामप्रसादको १० वर्षअघि मृत्यु भइसकेको छ। नागरिकता नहुँदा उनी सामाजिक सुरक्षा भत्ताबाट पनि वञ्चित छिन् । नागरिकता बनाउन वडा कार्यालयबाट सिफारिस बनाए पनि जिल्ला प्रशासन कार्यालय सप्तरीले श्रीमान र बुबा-आमाको नागरिकता मागेको उनी बताउँछिन् ।

चुनरदेवी भनिन्, 'श्रीमान्को नागरिकता त छ, तर मसँग बुबा-आमाको नागरिकता छैन ।' बुबा-आमाका बितेको करिब २० वर्ष भइसकेकाले नागरिकता आफुसँग उपलब्ध नभएको बताइन् । नागरिकता नपाउँदा चुनरदेवीका २५ वर्षीय छोरा सञ्जीवलाई समस्या भएको छ ।

नागरिकता नबन्दा सञ्जीवले सात वर्षीय छोराको जन्मदर्ता प्रमाणपत्र बनाउन सक्नुभएको छैन । रुपनी-२ लौवापारका बिलट सदा पनि नागरिकताबाट वञ्चित छिन् । सानै उमेरमा बुबा-आमा गुमाएकाले आफू नागरिकताबाट वञ्चित हुनुपरेको उनको भनाइ छ। नागरिकताका लागि सबै निकायलाई गुहारे पनि अझै पाउन नसकेको बिलट गुनासो गरिन् ।



उनले पनि नागरिकताका लागि वडाबाट सिफारिस भइसकेको छ । तर जिल्ला प्रशासन कार्यालयले बुबा-आमाको नागरिकता माग्दा बिलटले दिन सकेको छैन ।

उनको नागरिकताको पहल गरिदिन वडाध्यक्षसहितको टोली जिल्ला प्रशासन कार्यालय पुगेपनि नागरिकता बन्न सकेन ।

स्थानीय २८ वर्षीया सङ्गीतादेवी सदाले पनि अझै नागरिकता पाउन सकेकी छैनन्। सिरहा माइत भएकी उनको स्थानीय उमेश सदासँग विवाह भएको छ। बुबाको नागरिकता वा मृत्युदर्ता नहुँदा नागरिकता बनाउन नसकेको उनको भनाइ छ ।

नागरिकता नभएपछि गाउँमा गठन हुने महिला समूहमा आबद्ध हुन नपाएको संगीतादेवी बताउँछिन् । जन्मेपछि कानुनी रूपमा राज्यको नागरिकको फेहरिस्तमा नाम जोडिनुपर्छ तर बुबाआमाको नागरिकता नहुँदा सन्तानको पहिचान संकटमा छ ।

नागरिकताको सिफारिसका लागि जन्मदर्ता खोजे तर आफ्नो जन्मदर्ता नभएको रुपनी-६ का दीपेन्द्र सदा बताउँछन् । नागरिकता नहुँदा समाज र समुदायबाट अलग हुनुपरेको उनको भनाइ छ । 'नागरिकताकै अभावमा गाउँस्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउन सकिरहेको छैन । राज्यले उपलब्ध गराउने हरेक सेवासुविधाबाट वञ्चित हुनुपरेको छ ।'

रुपनी गाउँपालिकाका चुनरदेवी, बिलट, संगीता र दीपेन्द्र मात्र होइन, सो गाउँपालिकाका विभिन्न वडाका दलित बस्तीमा नागरिकताको समस्या यथावत छ । वडामा जन्मदर्ता, विवाहदर्ता र नागरिकताको समस्या पाइएपछि 'द फ्रिडम फण्ड'को सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले व्यक्तिगत घटना दर्तासँगै नागरिकता र जन्मदर्ता बनाउने अभियान थाल्ने तयारी गरेको छ ।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता पुनम चौधरीका अनुसार अधिकांश दलित बालबालिका जन्मदर्ता नभएकै कारण पढाइबाट वञ्चित छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८